# बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५

<u>बीमा समितबाट स्वीकृत मिति:</u> २०७५।०१।०९

<u>पहिलो संशोधन मिति:</u> २०७८।०८।१६

<u>दोस्रो संशोधन मिति:</u>२०७८।१२।१३

<u>प्रस्तावना:</u> बीमकको सञ्चालक समिति, शेयरधनी तथा व्यवस्थापनको सम्बन्ध तथा जिम्मेवारी निर्धारण गर्न एवम् बीमित हित संरक्षण गर्ने बृहत्तर प्रयोजनको लागि बीमकको संस्थागत सुशासन कायम गर्न बाञ्छनीय भएकोले,

बीमा ऐन, २०४९ को दफा ८ को खण्ड (घ२) को अधिकार प्रयोग गरी बीमा समितिले देहायको निर्देशिका बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. **<u>संक्षिप्त नाम र प्रारम्भ:</u>**(१)यस निर्देशिकाको नाम "बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका,२०७५" रहेको छ ।

(२) यो निर्देशिका तत्काल लागू हुनेछ ।

२. **<u>परिभाषा:</u>** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) **"अध्यक्ष"** भन्नाले बीमकको सञ्चालक समितिको अध्यक्ष सम्झनुपर्छ ।

(ख) **"आधारभूत शेयरधनी"** भन्नाले बीमकको चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व भएको ब्यक्ति सम्झनु पर्छ र सो शब्दले एकाघरको परिवारको सदस्यले अलग अलग रुपमा लिएको जम्मा शेयर चुक्ता पूँजीको एक प्रतिशत वा सो भन्दा बढी शेयर स्वामित्व हुने भएमा त्यस्तो परिवारलाई समेत जनाउँछ ।

(ग) **"एकाघरको परिवार"** भन्नाले सम्बन्धित व्यक्तिको पति, पत्नी, छोरा, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाई र दिदी, बहिनी सम्झनु पर्छ ।

(घ) **"ऐन"** भन्नाले बीमा ऐन, २०४९ सम्झनुपर्छ ।

(ङ) **"कर्मचारी"** भन्नाले बीमकको कर्मचारी विनियमावली अनुसार नियुक्त भई बहाल रहेका कर्मचारी सम्झनुपर्छ ।

(च) **"कार्यकारी प्रमुख"** भन्नाले बीमकको दैनिक ब्यवस्थापनको जिम्मेवारी भएको प्रमुख कार्यकारी अधिकृत सम्झनु पर्छ र सो शब्दले बीमकको प्रशासकीय, ब्यवस्थापकीय वा ब्यवसायको जिम्मेवारी भएको प्रमुख कार्यकारी अधिकृत वा प्रशासक समेत जनाँउछ ।

(छ) **"नजिकको नातेदार"** भन्नाले एकाघर वा सगोलको अंशियार वा दाजु, भाउजु, सासु, ससुरा, भाई, भाई बुहारी, दिदी, भिनाजु, बहिनी, बहिनी ज्वाईं, साला, साला बुहारी, साली, जेठान, नन्द, आमाजु, जेठी सासु, साढु दाजु, काका, काकी, मामा, माइजु, छोरा, बुहारी, छोरी, छोरी ज्वाईं, नाती, नातिनी बुहारी, नातिनी, नातिनी ज्वाईं,भाञ्जा, भाञ्जी बुहारी, भाञ्जी, भाञ्जी ज्वाईं, फुपु वा फुपाजु सम्झनु पर्छ ।

(ज) **"नियमावली"** भन्नाले बीमा नियमावली, २०४९ सम्झनु पर्छ ।

(झ) **"बिदेशी बीमक"** भन्नाले शाखा कार्यालय दर्ता गरी नेपालमा बीमा व्यवसाय गर्न दर्ता प्रमाणपत्र प्राप्त विदेशी बीमक संझनु पर्छ ।

(ञ) **"बीमक"** भन्नाले ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित संस्था सम्झनुपर्छ ।

(ट) **"बीमा समिति"** भन्नाले ऐनको दफा ३ बमोजिम गठित बीमा समिति सम्झनुपर्छ ।

(ठ) **"वित्तीय स्वार्थ"** भन्नाले संस्थापक वा सञ्चालक वा आधारभूत शेयरधनी वा कार्यकारी प्रमुख वा त्यस्तो व्यक्तिको एकाघरको एकाघरको परिवारका सदस्य वा सञ्चालक मनोनित गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संगठित संस्थामा बीमकको सञ्चालक, कार्यकारी प्रमुख, आधारभूत शेयरधनी वा त्यस्ता व्यक्तिको एकाघरको परिवारका सदस्यको वित्तीय स्वार्थ रहेको अवस्था सम्झनु पर्छ र सो शब्दले बीमकको सञ्चालक मनोनित गर्ने अधिकार पाएको अख्तियारवालाले एकल वा संयुक्त रुपमा कुनै अर्को फर्म वा संगठित संस्थाको चुक्ता पूँजीको दश प्रतिशत वा सोभन्दा बढी शेयर लिएको वा आधारभूत शेयरधनी रहेको रहेछ भने त्यस्तो संगठित संस्थामा बीमकको सञ्चालक, कार्यकारी प्रमुख वा बीमकको सञ्चालक मनोनीत गर्ने अधिकार पाएको अख्तियारवाला वा त्यस्ता व्यक्तिको एकाघरको परिवारका सदस्यको वित्तीय स्वार्थ रहेको अवस्था समेतलाई जनाउँछ ।

(ड) **"व्यवस्थापक"** भन्नाले कुनै संगठित संस्थाको क्रियाकलापमा निर्णय लिने ब्यवस्थापक सम्झनु पर्छ र सो शव्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी संगठित संस्थाको कुनै शाखा वा इकाईको प्रमुख पदमा नियुक्त भएको ब्यवस्थापक वा प्रबन्धक पदनाम धारण व्यक्ति वा अधिकृत द्वितीय श्रेणी वा सो सरहको कर्मचारी समेतलाई जनाँउछ ।

(ढ) **"संस्थापक"** भन्नालेयस ऐन बमोजिम बीमा कम्पनी संस्थापना गर्नको लागि प्रबन्धपत्र तथा नियमावलीमा कम्तिमा एक शेयर लिन मञ्जुर गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ण) **"सञ्चालक समिति"** भन्नाले बीमकको सञ्चालक समिति सम्झनुपर्छ ।

(त) **"सञ्चालक"** भन्नाले बीमकको सञ्चालक समितिको सदस्य सम्झनुपर्छ ।

(थ) **"समिति वा उपसमिति"** भन्नाले यस निर्देशिकाको दफा १४ बमोजिम गठित बीमकको सञ्चालक समितिले आफ्नो काममा सघाउ पुर्याउन गठन गरेको समिति वा उपसमिति सम्झनुपर्छ ।

## परिच्छेद – २

## सञ्चालक समितिको गठन, काम र कर्तब्य

**३. <u>सञ्चालक समितिको गठन:</u>** (१) बीमकमा स्वतन्त्र विज्ञ सञ्चालक सहितको कम्तीमा पाँच र बढीमा सात जना सञ्चालकहरू रहेको एक सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालकको नियुक्ति बीमा ऐन, बीमा नियमावली, यस निर्देशिका, बीमकको प्रबन्धपत्र तथा नियमावलीको अधीनमा रही बीमकको साधारण सभाले गर्नेछ ।

(३) बीमकको सञ्चालकको कार्यकाल बढीमा चार बर्षको हुनेछ र निज थप एक कार्यकालका लागि[1] पुन नियुक्त वा मनोनित हुन सक्नेछ । तर, स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।

(३क) यो निर्देशिका प्रारम्भ हुनु अघि सञ्चालक पदमा नियुक्त वा मनोनित भई दुई वा सोभन्दा बढी कार्यकाल सञ्चालक भई सकेको व्यक्तिको हकमा निज पुनः सञ्चालक नियुक्त वा मनोनित हुन सक्ने छैन ।[2]

(४) सञ्चालक समितिको अध्यक्षको पदमा नियुक्त हुने ब्यक्तिले बीमा समितिको अध्यक्ष समक्ष र सञ्चालक समितिको सदस्यको पदमा नियुक्त हुने ब्यक्तिले सञ्चालक समितिको अध्यक्ष समक्ष पदको जिम्मेवारी सुरू गर्नु अघि अनुसूची—१ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको सपथ लिनु पर्नेछ ।

(५) सञ्चालकको पद रिक्त भएमा रिक्त भएको पैंतीस दिन भित्र सञ्चालक समितिले सञ्चालक नियुक्त गरी सक्नु पर्नेछ ।

(६) सञ्चालक नियुक्त वा हेरफेर भएमा वा सञ्चालक पद रिक्त भएमा त्यसरी नियुक्त वा हेरफेर वा रिक्त भएको विवरण तयार पार्नु पर्नेछ ।

४. **बिदेशी बीमकको ब्यवस्थापन समूह सम्बन्धी ब्यवस्थाः** (१) नेपालमा सञ्चालित बिदेशी बीमकको हकमा सञ्चालक समितिले निर्णय गर्नुपर्ने बिषयमा बीमकको सञ्चालक समितिले निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बीमकको शाखा कार्यालयले यस निर्देशिकाको दफा ८ को उपदफा (३) को (क), (ख), (ग), (ङ), (च), (छ), (ज), (झ) र (ञ) तथा दफा ११ को सम्बन्धमा कार्यकारी प्रमुखको संयोजकत्वमा बरिष्ठ कर्मचारीहरू मध्येबाट एक जना बैकल्पिक सदस्य सहित कम्तिमा दुई जना नेपाली कर्मचारी समेत रहने गरी तीन सदस्यीय ब्यवस्थापन समूह गठन गर्नुपर्नेछ ।

स्पष्टिकरणः बैकल्पिक सदस्य भन्नाले व्यवस्थापन समूहको बैठकमा सो समूहको कुनै सदस्य उपस्थित हुन नसकेको अवस्थामा सो सदस्यको सट्टामा बैठकमा उपस्थित हुने बीमकको कर्मचारीलाई जनाउँछ ।

(३) उपदफा(२) बमोजिमको ब्यस्थापन समूह यो निर्देशिका लागू भएको पैंतीस दिन भित्र गठन गर्नु पर्नेछ ।

५. **सञ्चालक समितिको बैठकः** (१) सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा छ पटक बस्नु पर्नेछ ।
तर, दुईवटा बैठकको बीचको फरक तीन महिनाभन्दा बढी हुने छैन ।

(२) कम्तीमा एक चौथाई सञ्चालकले लिखित अनुरोध गरेमा अध्यक्षले जुनसुकै बखत सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ ।

[1] दोस्रो संशोधनबाट संशोधन गरिएको ।
[2] दोस्रो संशोधनबाट थप गरिएको ।

(३) बैठकमा उपस्थित भई मतदान गर्ने अधिकार प्राप्त कूल सञ्चालक संख्याको कम्तिमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित नभई सञ्चालक समितिको बैठक बस्ने छैन ।

(४) सञ्चालक समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक मध्ये जेठो सञ्चालकले बैठकको अध्यक्षता गर्नेछ ।

(५) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा मात्र बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

(६) कुनै सञ्चालकको निजी स्वार्थ भएको कुनै प्रस्ताव उपर बैठकमा छलफल हुँदा सो बैठकमा त्यस्तो सञ्चालकले भाग लिन पाउने छैन ।

(७) सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकको नाम, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) छुट्टै किताबमा अभिलेख राख्नु पर्नेछ ।

तर, कुनै विषयमा छलफल गर्दा कुनै सञ्चालकले निर्णयमा फरक मत राख्न चाहेमा सो कुरा निजले अभिलेखमा जनाउन सक्नेछ ।

(८) सञ्चालक समितिले खास बिषयमा विशेषज्ञसंग आवश्यक राय परामर्श लिन सक्नेछ ।

६. **सञ्चालकको योग्यता:**(१)सञ्चालकको पदमा नियुक्त हुने व्यक्तिको योग्यता देहाय बमोजिम हुनु पर्नेछः–

(क) विदेशी वा स्वदेशी बीमक, बैंक वा वित्तीय संस्था वा सम्बन्धित क्षेत्रको संगठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको अधिकृत स्तरमा कम्तीमा पाँच वर्ष काम गरेको वा,

(ख) स्नातकोपाधि हासिल गरेको र विदेशी वा स्वेदशी बीमक वा बैंक वा वित्तीय सँस्था वा सम्बन्धित क्षेत्रको संगठित सँस्थाको सञ्चालक वा पदाधिकारी तहमा वा नेपाल सरकारको कम्तीमा अधिकृत स्तरमा कम्तीमा तीन बर्ष काम गरेको, वा

(ग) बीमा, व्यवस्थापन, बित्त, लेखा, प्रशासन, अर्थशास्त्र, बाणिज्यशास्त्र, कानून, गणित, तथ्यांकशास्त्र वा इन्जिनियरिङ बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि उपाधि हासिल गरेको ।

तर, स्वतन्त्र विज्ञ सञ्चालकको हकमा बीमा, व्यवस्थापन, बित्त, लेखा, प्रशासन, अर्थशास्त्र, बाणिज्यशास्त्र, कानून, गणित, तथ्यांकशास्त्र वा इन्जिनियरिङ बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी स्वदेशी वा विदेशी बीमक, बैंक वा वित्तीय सँस्था वा सम्बन्धित क्षेत्रका संगठित संस्थाको सञ्चालक वा व्यवस्थापक तहमा वा नेपाल सरकारको कम्तीमा द्वितीय श्रेणी पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको ।

७. **सञ्चालकको अयोग्यता:** (१) देहायको कुनै व्यक्ति सञ्चालकको पदमा निर्वाचित वा मनोनीत हुन अयोग्य मानिनेछः–

(क) २५ वर्ष उमेर पूरा नभएको,

(ख) मगज बिग्रिएको वा मानसिकसन्तुलन ठीक नभएको,

(ग) नेपालभित्र वा विदेशमा कर्जा तिर्न नसकी साहुको दामासाहीमा परेको,

(घ) नेपालभित्र वा विदेशमा बीमक, बैंक वा वित्तीय संस्थासँगको कुनै कारोबारमा कालोसूची वा डिफल्टरमा परी सो कालोसूची वा डिफल्टरबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा भएको,

(ङ) बीमक वा बैंक तथा वित्तीय संस्थावा कुनै पनि प्रकारको निक्षेप संकलन गर्ने संगठित सँस्थाको सञ्चालक रहेको वा अन्य कुनै बीमकको संस्थापक समूहको आधारभूत शेयर धारण गरेको बहालवाला सञ्चालक वा कर्मचारी,

(च) सम्बन्धित बीमकको बहालवाला लेखापरीक्षक वासल्लाहकार वा परामर्शदाता वा बीमकसंग कुनै किसिमको ठेक्कापट्टामा हिस्सेदार रहेको वा निजी स्वार्थ रहेको व्यक्ति, फर्म र कम्पनी,

(छ) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्न धितोपत्र बजारको सदस्यता प्राप्त गरेको वा मर्चेण्ट बैंकर,

(ज) बीमकको सञ्चालकको पदमा बहाल रहेको व्यक्ति,

(झ) शेयर स्वामित्वका कारणले सञ्चालक हुन सम्बन्धित बीमकको नियमावली बमोजिम सञ्चालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर नलिएको व्यक्ति,

(ञ) नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त सँस्था, बीमा समिति वा बीमक वा बैंक वा वित्तीय संस्थाको बहालवाला कर्मचारी,

तर, नेपाल सरकार वा नेपाल सरकारको स्वामित्व प्राप्त संस्था वा बीमक वा बैंकले शेयर खरिद गरेको फरक किसिमको बीमकमा सञ्चालक मनोनित गर्न यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

(ट) प्रचलित कानून बमोजिम तिर्नु पर्ने कर चुक्ता नगरेको,

(ठ) चोरी, ठगी, किर्ते, जालसाजी,भ्रष्टाचार, नैतिक पतन देखिने कुनै पनि फौजदारी कसुर, बीमा कसुर वा बैंकिङ्ग कसुर गरेको अभियोगमा नेपाल वा विदेशी मुलुकको अदालतबाट कसुरदार ठहर भई सजाय भुक्तान भएको दश वर्ष अवधि व्यतित नभएको,

(ड) प्रचलित कानून बमोजिम नियमनकारी निकायले कानून विपरीत कार्य गरेको भनी कारबाही गरेको वा त्यस्तो कारबाही भएको पाँच वर्ष अवधि व्यतित नभएको,

(ढ) स्वतन्त्र सञ्चालकको हकमा निज सम्बन्धित बीमकको संस्थापक आधारभूत शेयर भन्दा बढी शेयर स्वामित्व रहेको,

(ण) अदालतको फैसला बमोजिम लागेको कैद, जरीवाना तिर्न बुझाउन बाँकी रहेको, सरकारी बाँकी तिर्न बुझाउन बाँकी रहेको ।

(त) बीमा समितिको निर्देशन पालना नगरेको कारणबाट बीमा समितिले ऐनको दफा ३६ को उपदफा (३) बमोजिम कारबाही गरेको मितिले तीन (३) बर्ष नपुगेको ।

(थ) संवैधानिक पद धारण गरेको ब्यक्ति त्यस्तो पदमा बहाल रहुन्जेल,

(द) गाँउ वा नगरपालिका वा प्रदेश सभा वा संघीय संसद र सरकारका पदाधिकारीहरू उक्त पदमा बहाल रहुन्जेल ।

(२) कुनै सञ्चालकको उपदफा (१) मा उल्लिखित अवस्था पर्न आएमा त्यस्तो व्यक्ति सञ्चालक पदबाट स्वतः हट्नेछ ।

(३) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एकाघरको परिवारको एक भन्दा बढी व्यक्ति एकै बीमकको वा समान किसिमको बीमकको सञ्चालक हुन सक्ने छैन ।

८. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः** (१) बीमकको साधारण सभाबाट हुने बाहेक ऐन, प्रचलित कानून तथा प्रबन्धपत्र र नियमावलीको अधीनमा रही बीमकले गर्नु पर्ने सबै काम र प्रयोग गर्ने सम्पूर्ण अधिकार सञ्चालक समितिमा निहित हुनेछ ।

(२) बीमकको समग्र जोखिम ब्यवस्थापन गरी बीमित तथा सर्वसाधारण शेयरधनीको हितमा बीमा ब्यवसाय सञ्चालन गर्नु, सँस्थागत सुशासन कायम गर्नु र दैनिक कामकारबाहीमा हस्तक्षेप नगर्ने कुराको प्रत्याभूति गर्नु सञ्चालक समितिको कर्तब्य हुनेछ ।

(३) सञ्चालक समितिको अन्य काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) बीमकको ब्यवस्थापन, अण्डरराइटिङ, बीमा दाबी भुक्तानी, सम्पत्ति तथा दायित्व ब्यवस्थापन, बजेटिङ, योजना तथा अन्य आवश्यक बिषयमा नीति तथा योजना तर्जुमा गरी लागू गर्ने गराउने,

(ख) बीमकको व्यवसायिक काम कारोवार सञ्चालन गर्ने गराउने,

(ग) बीमा ब्यवसाय सञ्चालन सम्बन्धी नीति तथा मान्यता तयार गर्ने गराउने,

(घ) बीमकको चुक्ता पूंजी, बीमाकोष र अन्य चल तथा स्थिर सम्पत्ति कानून बमोजिम कायम राख्ने,

(ङ) बीमकले ब्यवसाय गर्दा प्रचलित कानूनको परिपालना गर्ने गराउने,

(च) बीमालेख अन्तर्गत परेका दाबी तोकिएको समयभित्र फछ्र्यौट गर्ने गराउने,

(छ) बीमालेख सम्बन्धी भौतिक तथा इलेक्ट्रोनिक अभिलेख सम्पूर्ण रूपमा सुरक्षित राख्न लगाउने,

(ज) बीमितको हित संरक्षण गर्ने गराउने,

(झ) ब्यवस्थापनको नीतिको नियमित रुपमा अनुगमन तथा बिश्लेषण गरी आवश्यक निर्देशन दिने र

(ञ) बीमा समितिले समय समयमा तोके बमोजिमको कार्यहरू गर्ने गराउने ।

९. **सञ्चालकको जवाफदेहिता र दायित्वः** (१) सञ्चालकले आफ्नो अधिकारक्षेत्र नाघी गरेको कुनै कामकारबाही प्रति व्यक्तिगत रुपमा जवाफदेही हुनेछ ।

(२) कुनै सञ्चालकले बीमकबाट वा बीमकको कामको सिलसिलामा व्यक्तिगत फाइदा लिने कुनै काम गर्नु हुंदैन ।

(३) बीमकको सञ्चालकले बीमा समितिले समयसमयमा तोके बमोजिमका विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(४) सञ्चालकले बीमा समितिले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ ।

(५) कुनै सञ्चालकले बीमकको लोगो, छाप वा लेटरप्याड आफ्नो ब्यक्तिगत प्रयोजनको प्रयोग गर्न पाउने छैन ।

(६) बीमकबाट वा बीमकको कारोबारको सिलसिलामा कुनै सञ्चालकले व्यक्तिगत फाइदा वा आर्थिक सुविधा लिएको पाइएमा सो बरावरको रकम बीमकले त्यस्तो सञ्चालकबाट ऋण सरह असूल उपर गर्नु पर्नेछ ।

(७) बीमकको कार्यकारी प्रमुखले गरेको कार्यको जवाफदेही बीमकको सञ्चालक समिति हुनेछ ।

तर, विभागीय प्रमुख तथा अन्य कर्मचारी, बीमा अभिकर्ता, बीमा सर्भेयर, बीमा दलाल, तेस्रो पक्ष सहजकर्ताले गरेको कार्यको अन्तिम जवाफदेहीताबाट सञ्चालक समितिले उन्मुक्ति पाएको मानिने छैन ।

१०. **<u>सञ्चालकको सुविधाः</u>** (१) सञ्चालकले बैठकमा उपस्थित भए बापत पाउने बैठक भत्ता तथा अन्य सुविधा कम्पनी सम्बन्धी प्रचलित कानुन बमोजिम बनाइएको बीमकको नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको बैठक भत्ता तथा अन्य सुविधा निर्धारण गर्दा बीमकको कार्य सञ्चालन, कारोवार, व्यवसायिक योजना, खुद सम्पत्ति (नेटवर्थ), दाबी भुक्तानीको अवस्था, मुनाफाको स्थिति, व्यवस्थापन खर्च तथा मुद्रास्फिति दर लगायत अन्य परिसूचाकंको आधारमा अध्ययन गरी निर्धारण गर्नु पर्नेछ ।

(३) उपदफा (१) विपरीत कुनै सञ्चालकले बैठक भत्ता वा अन्य सुविधा लिएको भएमा त्यस्तो सुविधा बापत लिएको रकम निजबाट तत्काल ऋण सरह असूल उपर गर्नु पर्नेछ ।

११. **<u>विनियमावली तथा दिग्दर्शन (म्यानुअल) तथा कार्यविधि तयार गर्नु पर्नेः</u>** (१) सञ्चालक समितिले कर्मचारी सेवा शर्त विनियमावली, आर्थिक प्रशासन विनियमावली तथा जोखिमांकन (अण्डरराइटिङ), बीमा दाबी, पुनर्बीमा, बजारीकरण, सूचना प्रविधि दिग्दर्शन (म्यानुअल) र बीमा समितिले निर्देशन गरे बमोजिमका आवश्यक अन्य विनियमावली तथा दिग्दर्शन बनाउनु पर्नेछ ।

तर, बीमकले समितिबाट जारी हुने बीमकको कर्मचारी सेवा शर्त विनियमावली सम्बन्धी मार्गदर्शनको अधिनमा रही तयार गरेको कर्मचारी सेवा शर्त विनियमावली र आर्थिक प्रशासन सम्बन्धी विनियमावली समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका विनियमावली, दिग्दर्शन तथा अन्य कार्यविधि बमोजिम बीमा ब्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

(३) यो निर्देशिका लागू हुँदाका बखत उपदफा (१) मा उल्लेखित विनियमाली, दिग्दर्शन (म्यानुअल) वा कार्यविधि नवनाई बीमा व्यवसाय सञ्चालन गरेको बीमकले यो निर्देशिका लागू भएको नब्बे दिन भित्र त्यस्तो विनियमावली,दिग्दर्शन वा कार्यविधि तयार गरी लागू गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको बीमा ब्यवसाय सम्वन्धी दिग्दर्शन (म्यानुअल), जोखिमांकन (अण्डरराइटिङ) दिग्दर्शन, दाबी दिग्दर्शन, पुनर्बीमा दिग्दर्शन तथा अन्य दिग्दर्शन बीमा समितिले निर्देशन गरे बमोजिम अद्यावधिक गर्नुपर्नेछ ।

१२. **तलव, भत्ता तथा अन्य सुविधा निर्धारण गर्नु पर्ने:** (१) सञ्चालक समितिले बीमकको कार्य सञ्चालन, कारोवार, व्यवसायिक योजना, नेटवर्थ, दाबी भुक्तानीको अवस्था, मुनाफाको स्थिति, व्यवस्थापन खर्च तथा नेपाल सरकारले तोकेको न्यूनतम तलब सुविधा, मुद्रास्फिति दर लगायत अन्य परिसूचाकंको आधारमा कार्यकारी प्रमुख तथा बीमकका कर्मचारीको तलव भत्ता तथा अन्य सुविधा निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तलब, भत्ता तथा अन्य सुविधा देहाय बमोजिम हुने गरी निर्धारण गर्नुपर्नेछः

(क) कार्यकारी प्रमुखको हकमा बीमकको कार्यकारी प्रमुखको तलब, भत्ता तथा अन्य सुविधा सम्बन्धी मार्गदर्शन, २०७४ को आधारमा, र

(ख) कर्मचारीको हकमा बीमकको कर्मचारी सेवा शर्त विनियावलीको आधारमा ।

**स्पष्टिकरण:** यस दफाको प्रयोजनका लागि तलव भत्ता तथा सुविधा भन्नाले तलव, ग्रेड, भत्ता, बीमा सुविधा, इन्सेन्टिभ लगायत कर प्रयोजनका लागि गणना योग्य सम्पूर्ण आय (कूल आय) पर्दछन् ।

(३) बिदेशी बीमकको शाखा तथा सँयुक्त लगानीको बीमकको प्रमुखको हकमा समेत उपदफा (१) तथा उपदफा (२) बमोजिमको ब्यवस्था लागू हुनेछ ।

तर उपदफा (१) तथा उपदफा (२) बमोजिमको तलव, भत्ता तथा सुविधामा थप गरिदिन चाहेमा उक्त बीमकको मुख्य कार्यालय वा सँयुक्त लगानी गर्ने बिदेशी बीमकको कार्यालयले ब्यहोर्ने गरी थप तलव, भत्ता तथा सुविधा प्रदान गर्न सक्नेछ ।

(४) कुनै पनि पदमा कार्य गर्ने कर्मचारीलाई उक्त पद भन्दा तल्लो तहमा कार्य गर्ने कर्मचारीलाई भन्दा कम तलव भत्ता तथा सुविधा दिने गरी तलव भत्ता तथा सुविधा निर्धारण गर्न पाइने छैन ।

(५) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बीमकले कर्मचारीको तलव, भत्ता तथा सुविधा निर्धारण गर्दा श्रम ऐन तथा श्रम नियमावलीले निर्धारण गरेको न्यूनतम तलव, भत्ता तथा सुविधा भन्दा कम हुने गरी निर्धारण गर्न पाइने छैन ।

१३. **अधिकार प्रत्यायोजन:** (१) सञ्चालक समितिले आफ्नो रेखदेख वा निर्देशनमा रही काम गर्न सोको औचित्य र कारण खुलाई आफूमा निहित अधिकारहरू मध्ये केही अधिकार सञ्चालक समितिले गठन गरेको समिति वा उपसमिति वा कार्यकारी प्रमुख वा बीमकको कार्यकारी प्रमुख वा बीमकको कार्यकारी प्रमुख भै कार्य गर्ने ब्यक्तिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

तर, ब्यवस्थापकीय अधिकार सञ्चालक समितिका सदस्यलाई प्रत्यायोजन गर्न पाइने छैन ।

(२) सञ्चालक समितिले आफूमा निहित कुनै अधिकार उपदफा (१) बमोजिम प्रत्यायोजन गरेता पनि त्यसको अन्तिम जवाफदेहिता सञ्चालक समितिमा नै रहनेछ ।

१४. **समिति वा उपसमिति गठन गर्न सक्ने:**(१) सञ्चालक समितिले बीमकको कुनै खास कामको लागि आवश्यकता अनुसार एक जना सञ्चालकको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

तर, लेखापरीक्षण समिति बाहेक अन्य समिति वा उपसमितिमा दुईजना भन्दा बढी सञ्चालक उक्त समिति वा उपसमितिको सदस्य हुन पाउने छैन ।

(२) उपदफा (१) मा उल्लिखित समिति वा उपसमितिका अतिरिक्त सञ्चालक समितिले बीमकको काम कारबाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न देहायका बिषयसंग सम्बन्धित समिति वा उपसमिति गठन गर्नु पर्नेछः–

(क) दाबी भुक्तानी तथा पुनर्बीमा,

(ख) लगानी, जोखिम ब्यवस्थापन तथा वित्तीय स्वस्थता (सोल्भेन्सी)

(ग) मानव संशाधन, र

(घ) सम्पत्ति शुद्धिकरण निवारण समिति

(३) उपदफा (२) मा उल्लिखित समिति वा उपसमितिका अतिरिक्त बीमकको वासलात, हिसाब किताव तथा कारोबारको लेखापरीक्षण गर्ने प्रयोजनको लागि बीमकको सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकको संयोजकत्वमा एक छुट्टै लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ ।

(४) नेपाल स्थित बिदेशी बीमकको हकमा समिति वा उप समिति वा गठित सबै समिति वा उपसमितिको कार्य यस निर्देशिकाको दफा ४ को उपदफा (२) बमोजिम गठन भएको ब्यवस्थापन समूहले गर्नेछ ।

(५) उपदफा (१), (२), (३) र (४) बमोजिम गठन भएको समिति वा उपसमितिको काम, कर्तव्य, अधिकार, कार्यविधि तथा सदस्य तथा अन्य सहभागीले प्राप्त गर्ने बैठक भत्ता सञ्चालक समितिले तोके बमोजिम हुनेछ र त्यस्तो भत्तावापतको रकम बीमकको साधारण सभाबाट पारित गराउनु पर्नेछ ।

(६) बीमकको समिति वा उपसमितिको बैठक बस्दा सम्बन्धित बिभागका कर्मचारीलाई बैठकमा सहभागी गराउनु पर्नेछ ।

(७) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिको अध्यक्ष, कार्यकारी प्रमुख, सल्लाहकार तथा वित्त प्रमुख तथा निजको एकाघरको परिवारका सदस्य उक्त पदमा बहाल रहुन्जेल बीमकको लेखापरीक्षण समितिमा रहन पाउने छैन

(८) अध्यक्ष उक्त पदमा बहाल रहुन्जेल बीमकको सञ्चालक समिति र मानव संशाधन समिति बाहेक अन्य समिति तथा उप समितिमा रहन पाउने छैन ।

(९) एउटा समिति वा उपसमितिमा संयोजक रहेको सञ्चालक अर्को समिति वा उपसमितिमा संयोजक हुन पाउने छैन ।

**१५. <u>अनुगमन तथा सुपरीवेक्षण गर्नु पर्नेः</u>** (१) सञ्चालक समितिले ऐन, नियमावली, प्रचलित कानून, बीमा समितिबाट समय समयमा जारी गरिएका निर्देशन, सञ्चालक समितिबाट बनाइएका नीति, नियम, निर्णय, निर्देशन, दिग्दर्शन (म्यानुअल), परिपत्र वा कार्यविधि पालना भए नभएको सम्बन्धमा आवश्यक कार्यविधि बनाई कम्तीमा प्रत्येक तीन तीन महिनामा अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको अद्यावधिक अभिलेख राख्नु पर्नेछ ।

(२) सञ्चालक समितिले कम्तिमा छ महिनामा उच्च ब्यवस्थापकसंग बीमकको सममामयिक बिषयमा अन्तरक्रिया तथा छलफल गर्नु पर्नेछ ।

(३) सञ्चालक समितिका सदस्य तथा कार्यकारी प्रमुखको विवरण बीमकले आफ्नो वेभसाइटमा अद्यावधिक गरी राख्नु पर्नेछ ।

(४) दफा २३ बमोजिम परिपालन अधिकृतले पेश गरेको प्रतिवेदन उपर सञ्चालक समितिको बैठकमा छलफल गरी सो प्रतिवेदनमा कुनै कैफियत उल्लेख गरिएको भए त्यसको सुधारका लागि सञ्चालक समितिले कार्यकारी प्रमुखलाई निर्देशन दिन सक्नेछ ।

परिच्छेद – ३

**<u>सञ्चालकको आचरण सम्बन्धी ब्यवस्था</u>**

१६. **<u>सञ्चालकको आचरण सम्वन्धी ब्यवस्थाः</u>** (१) प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी बीमकलाई गराउनु पर्नेछः—

(क) बीमकसंग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सोको विवरण,

(ख) निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले बीमक वा सो बीमकको मुख्य वा सहायक कम्पनीमा लिएको शेयर वा डिबेन्चरको विवरण,

(ग) निज अन्य कुनै संगठित संस्थाको शेयरधनी वा सञ्चालक भए त्यसको विवरण,

(घ) निजको एकाघर परिवारको कुनै सदस्य बीमकमा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए त्यसको विवरण, र

(ङ) सञ्चालक समितिलाई जानकारी गराउनु पर्ने भनी बीमा समितिले समय समयमा तोकिदिएको अन्य विवरण ।

(२) उपदफा (१) बमोजिम सञ्चालकले दिएको जानकारी प्रयोजनको लागि खडा गरेको छुट्टै रजिष्टर्डमा अभिलेख राख्नु पर्नेछ ।

(३)सञ्चालकले बीमकको कामको सिलसिलामा स्वदेशको भ्रमण गर्नु परेमा सञ्चालक समितिबाट स्वीकृति लिई बीमा समितिमा जानकारी गराउनु पर्नेछ ।

(४) सञ्चालकले बीमकको कामको सिलसिलामा विदेशको भ्रमण गर्नु परेमा बीमा समितिबाट स्वीकृति लिनु पर्नेछ ।

(५) सञ्चालकले कुनै पनि बीमकको तलवी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गर्नु हुँदैन ।

(६) सञ्चालकले अन्य कुनै पनि बीमक वा बैंक तथा वित्तीय संस्थाको संचालक भै कार्य गर्न पाउने छैन ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै एक किसिमको बीमकको शेयर स्वामित्व धारण गरेको खण्डमा उक्त बीमकमा कार्यकारी प्रमुख वा कर्मचारीलाई सञ्चालकको रुपमा नियुक्त गर्न सक्नेछ ।

(८) सञ्चालकले बीमकको व्यवस्थापनको दैनिक काम कारबाहीमा हस्तक्षेप गर्नु हुँदैन ।

१७. **बीमकको हित विपरीत कार्य गर्न नहुने:** (१) सञ्चालक प्रत्यक्ष वा अप्रत्यक्ष रुपले बीमकको हित विपरीत हुने कुनै पनि गतिविधिमा संलग्न हुनु हुंदैन ।

(२) सञ्चालक आफूसंग वित्तीय स्वार्थ रहेको कुनैपनि कारोवारमा संलग्न हुनु हुंदैन ।

(३) सञ्चालकले आफ्नो वा आफ्नो एकाघरको परिवारको कुनै सदस्य मेनेजिङ एजेण्ट भएको वा हिस्सेदार भएको कुनै पनि संगठित संस्थासंगको बीमा कारोवारमा संलग्न हुनु हुंदैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले कुनै कारोवारको सम्बन्धमा कुनै सञ्चालकको वा निजको एकाघरको परिवारको सदस्यको वित्तीय स्वार्थ गाँसिएको छ भनी प्रमाणित नगरेसम्म सार्वजनिक रुपमा निष्काशन गरिएका शेयर तथा ऋणपत्रहरुको कारोवार गर्नमा कुनै बाधा पर्ने छैन ।

(५) सञ्चालकले बीमकको कुनै पनि प्रयोजनको लागि वित्तीय स्वार्थ रहेका शेयरधनी वा निजको एकाघर परिवारको स्वामित्वमा रहेको वा निजहरुको फर्म तथा कम्पनीसंग घर भाडामा लिई कारोवार गर्न पाउने छैन ।

(६) सञ्चालक पदमा बहाल रहुञ्जेल त्यस्तो ब्यक्ति बीमकको लेखापरीक्षक, सल्लाहकार, कार्यकारी प्रमुख, कर्मचारी, बीमा सर्भेयर, बीमा दलाल, बीमा अभिकर्ता वा तेस्रो पक्ष सहजकर्ता भई कार्य गर्न पाउने छैन ।

(७) सञ्चालकले पदमा बहाल रहुञ्जेल र सो पदबाट हटेको एक वर्ष सम्म सोही बीमकको कुनै पनि प्रकारको शेयर, डिवेञ्चर खरीद बिक्री गर्न पाउने छैन ।

तर संचालक पदमा संस्थागत प्रतिनिधित्व भएको संचालकको हकमा संचालक नियुक्ति गर्ने संस्थागत शेयरधनीले बीमा समितिको स्वीकृति लिई खरिद बिक्री गर्न बाधा पर्ने छैन ।[3]

१८. **पदको दुरुपयोग गर्न नहुने:**(१) सञ्चालकले आफ्नो नाम तथा पदको दुरुपयोग गरी कुनै किसिमको ब्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुन पाउने छैन ।

(२) सञ्चालकले बीमा अण्डरराइटिङ, पुनर्बीमा, बीमा दाबी भुक्तानी तथा लगानी, लेखा लगायत बीमकका नियमित कार्यहरु गर्न वा सो कार्यमा आफ्नो पदको प्रभाव पार्न पाउने छैन ।

(३) सञ्चालकले बीमकको आधिकारीक अभिलेख वा कागजपत्रमा ब्यक्तिगत रुपमा कुनै थपघट वा संशोधन गर्न पाउने छैन ।

१९. **गोपनीयता कायम राख्नु पर्ने:** (१) सञ्चालकले बीमकको लेखा, बीमा अण्डरराइटिङ, पुनर्बीमा, बीमा दाबी भुक्तानी, प्रशासनिक कागजात, सञ्चालक समितिबाट पारित भएका निर्णय (माइन्युट), बीमा ब्यवसाय सम्वन्धमा सञ्चालक समिति समक्ष पेश भएका विवरण तथा अन्य महत्वपूर्ण कागजातहरुको गोपनीयता कायम राख्नु पर्नेछ ।

(२) सञ्चालकले ग्राहकले दिएको बिवरण र निजसंगको कारोवारको बारेमा गोपनीयता कायम राख्नु पर्नेछ ।

(३) कुनै सञ्चालक आफ्नो पदबाट निवृत्त भइसकेपछि बीमक तथा बीमितसंग सम्वन्धित सूचना वा जानकारी सार्वजनिक गर्न वा आफ्नो कुनै स्वार्थका लागि प्रयोग गर्न पाउने छैन ।

---

[3] प्रथम संशोधनबाट प्रतिवन्धात्मक वाक्यांश थप गरिएको ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानूनको अधीनमा रही कुनै कागजात तथा ग्राहकको सूचना वा जानकारी सार्वजनिक गर्न वा तेस्रो पक्षलाई उपलब्ध गराउन बाधा पर्ने छैन ।

२०. <u>निष्पक्ष र समान ब्यवहार गर्नु पर्ने:</u> सञ्चालकले बीमितसंग कुनैपनि सम्बन्ध वा मित्रवत ब्यवहारबाट प्रभावित नभई निष्पक्ष एवं समानताको आधारमा ब्यवसायिक ब्यवहार गर्नु पर्नेछ ।

२१. <u>खवरदारी नीति बनाउन सक्ने:</u> (१) सञ्चालक समितिले बीमकको सस्थागत तथा ब्यवसायिक सुशासन कायम गर्ने प्रयोजनको लागि बीमकको ब्यवस्थापन तथा पदाधिकारी वा कर्मचारीबाट अनियमित तवरले भए गरेका वा हुन सक्ने काम कारवाहीहरुको गोप्य रुपमा जानकारी प्राप्त गर्न आवश्यक नीति बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तय गरिएको नीति बमोजिम बीमकका अनियमित काम कारवाहीहरुको जानकारी दिने ब्यक्तिको पेशागत सुरक्षाको संरक्षण गर्ने कर्तब्य सञ्चालक समितिमा रहने छ ।

परिच्छेद –४

## <u>बीमकको आन्तरिक नियन्त्रण सम्बन्धी ब्यवस्था</u>

२२. <u>संगठनात्मक संरचना तयार गर्नुपर्ने:</u> (१) बीमकले कार्यबोझ तथा लागतको विश्लेषण गरी आफ्नो संगठन संरचना तयार वा अद्यावधिक गर्नु पर्नेछ ।

(२) बीमकले आफूलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी तय गरी त्यस्तो दरबन्दी अनुरूप छ महिना भित्र पदपूर्ति गरी सक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम संगठन संरचना तयार गर्दा कम्तिमा मानव संशाधन, अण्डरराइटिङ, पुनर्बीमा, बीमा दाबी, बजार ब्यवस्थापन, बित्त ब्यवस्थापन, परिपालन तथा सूचना प्रविधि विभाग हुनु पर्नेछ ।

(४) बीमकले यो निर्देशिका प्रारम्भ भएको छ महिना भित्र उपकार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ ।

(५) बीमकले आफ्नो उत्तराधिकार योजना (सक्सेसन प्लान) बनाउनु पर्नेछ ।

२३. <u>परिपालन अधिकृत नियुक्त गर्नु पर्ने:</u> (१) बीमकले यो निर्देशिका लागू भएको तीन महिना भित्र बीमा, ब्यवस्थापन, वाणिज्यशास्त्र वा कानून बिषयमा कम्तिमा स्नातक वा सो सरहको उपाधी प्राप्त ब्यवस्थापक तहका आफ्ना अधिकृत कर्मचारी मध्येबाट परिपालन (कम्प्लाइन्स) अधिकृत तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको परिपालन अधिकृतले देहायका बिषयहरू बीमकबाट अद्यावधिक रूपमा पालना भएको सुनिश्चित गर्नु पर्नेछः

(क) ऐन तथा नियमावली, बीमा समितिबाट समय समयमा जारी भएकोनिर्देशिका, निर्देशन, मार्गदर्शन तथा परिपत्र अनुरूप गर्नुपर्ने कुरा,

(ख) बीमा समितिले इजाजतपत्र जारी गर्दाका बखत तोकेका शर्तहरू,

(ग) बीमा समितिले बीमकको नियमन, निरीक्षण वा सुपरीवेक्षण गर्दा सम्बन्धित बीमकलाई दिइएको निर्देशन ।

(३) उपदफा (२) मा उल्लेखित बिषयका सम्बन्धमा सम्बन्धित बीमकबाट पालना भए वा नभएको बारेमा त्रैमासिक प्रतिवेदन तयार गरी त्रैमासिक अवधि समाप्त भएको पन्ध्र दिन भित्र बीमा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) मा उल्लिखित बिषयका सम्बन्धमा सम्बन्धित बीमकबाट पालना भए वा नभएको सम्बन्धमा बीमा समितिले जुनसुकै वखत अद्यावधिक बिवरण उपदफा (१) बमोजिम तोकिएको परिपालन अधिकृतबाट माग गर्न सक्नेछ ।

(५) उपदफा (३) तथा (४) बमोजिम पेश भएको विवरणको सत्यता तथा प्रामाणिकताका लागि सम्बन्धित परिपालन अधिकृत जिम्मेवार हुनेछ ।

(६) यस निर्देशिकामा लेखिएको कुनै पनि कुराले उपदफा (२) मा उल्लेखित बिषयहरू अद्यावधिक रूपमा पालना गर्नुपर्ने कुराबाट बीमक, बीमकको सञ्चालक समिति वा कार्यकारी प्रमुखले छुट पाएको मानिने छैन ।

२४. **<u>सल्लाहकार सम्बन्धी ब्यवस्थाः</u>**(१) बीमकले दैनिक प्रशासकीय तथा ब्यवस्थापकीय कार्य गर्ने गरी वा कर्मचारी सरहको हैसियतमा कसैलाई सल्लाहकार नियुक्त गर्न पाउने छैन ।

(२) बीमकको कामको लागि कुनै सल्लाहकार आवश्यक पर्ने भएमा आधार र कारण खोली सञ्चालक समितिको निर्णय सहित सल्लाहकार नियुक्त गर्न स्वीकृतिका लागि बीमा समितिमा निवेदन दिनु पर्नेछ ।

तर, बीमकले सल्लाहकार वा परामर्शदाता नियुक्त गर्दा देहायका व्यक्तिलाई सल्लाहकार वा परामर्शदाताको रूपमा नियुक्त गर्न पाउने छैन

(क) सञ्चालकको एकाघरको परिवार तथा नजिकको नातेदार,

(ख) वित्तीय स्वार्थ भएको सँस्था, ब्यक्ति तथा निजको एकाघरको परिवार ।

तर कानूनी सल्लाहकार तथा सूचना प्रविधि सम्बन्धी सल्लाहकार बीमा समितिको स्वीकृति नलिई नियुक्त गर्न बाधा पुगेको मानिने छैन ।

(३) यो निर्देशिका प्रारम्भ हुनु अघि बीमकले सल्लाहकार नियुक्त गरेको रहेछ भने यो निर्देशिका प्रारम्भ भएको मितिले तीन महिना भित्र आधार र कारण खोली सञ्चालक समितिको निर्णय सहित सल्लाहकार कायम राख्ने स्वीकृतिका लागि बीमा समितिमा निवेदन दिनु पर्नेछ ।

२५. **<u>अधिकार तथा कर्तव्य निर्धारण गर्नु पर्नेः</u>** (१) बीमकले कर्मचारीलाई नियुक्तिपत्र नदिई काममा लगाउनु हुँदैन ।

(२) उपदफा (१) बमोजिम नियुक्तिपत्र दिँदा त्यस्तो कर्मचारीले गर्नुपर्ने काम, कर्तव्य, अधिकार तथा जिम्मेवारी तोक्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तोकिएको काम, कर्तव्य, अधिकार र जिम्मेवारी प्रति कर्मचारी व्यक्तिगत रुपमा जवाफदेही हुनेछ ।

२६. **अभिलेख अद्यावधिक तथा दुरुस्त राख्नु पर्ने:** बीमकले बीमकको लेखा, बीमा जोखिमांकन (अण्डरराइटिङ), पुनर्बीमा, बीमा दाबी भुक्तानी, प्रशासनिक कागजात, बीमा समितिबाट स्वीकृति प्राप्त सम्पूर्ण कागजात तथा बीमालेख, सञ्चालक समितिबाट पारित भएका निर्णय (माइन्युट), सञ्चालक समिति समक्ष पेश भएका कागजातहरु तथा अन्य महत्वपूर्ण कागजातहरु अद्यावधिक रुपमा पूर्ण एवं दुरुस्त राख्नु पर्नेछ ।

२७. **बिस्तृत लेखापरीक्षण गराउनु पर्ने:** (१) बीमकले प्रत्येक पाँच बर्षमा आफ्नो विस्तृत लेखापरीक्षण (डिडिए) गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको विस्तृत लेखापरीक्षणको प्रतिवेदनको एक प्रति बीमा समितिमा पेश गर्नु पर्नेछ[4] ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।[5]

२७क. **वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गर्नुपर्ने:**[6] (१) बीमकले प्रत्येक आर्थिक वर्षको असार मसान्तभित्र आगामी आर्थिक वर्षको वार्षिक नीति तथा कार्यक्रम र बजेट तयार गरी संचालक समितिबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएको नीति तथा कार्यक्रम र बजेट स्वीकृत भएको मितिले १५ दिनभित्र बीमा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको वार्षिक नीति तथा कार्यक्रम र बजेटको संचालक समितिले त्रैमासिक रूपमा समीक्षा गर्नु पर्नेछ र सोको जानकारी समिक्षा भएको मितिले सात दिनभित्र बीमा समिति समक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद –५

## कार्यकारी प्रमुख तथा बिभागीय प्रमुख सम्बन्धी ब्यवस्था

२८. **कार्यकारी प्रमुख नियुक्त गर्नु पर्ने:** (१) सञ्चालक समितिले बीमा ऐन, बीमा नियमावली, बीमकको प्रबन्धपत्र र नियमावलीको अधीनमा रही एक कार्यकारी प्रमुख नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी प्रमुख नियुक्त गर्दा देहाय बमोजिमका ब्यक्तिहरू मध्येबाट गर्नु पर्नेछः

(क) बीमा, व्यवस्थापन, वित्त, लेखा, अर्थशास्त्र, वाणिज्यशास्त्र, कानून, गणित, तथ्यांकशास्त्र वा इन्जिनियरिङ बिषयमा कम्तिमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरी कम्तिमा ब्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तिमा पाँच, बैंक वा वित्तीय क्षेत्रमा भए भए आठ तथा दुबै क्षेत्रमा भए बीमामा एक बर्षको अनुभव सहित कम्तिमा सात बर्षको अनुभव भएका व्यक्तिहरू मध्येबाट नियुक्त गर्नु पर्नेछ ।

---

[4] प्रथम संशोधनबाट संशोधन गरिएको ।
[5] प्रथम संशोधनबाट थप गरिएको ।
[6] प्रथम संशोधनबाट थप गरिएको ।

(ख) चार्टर्ड एकाउन्टेण्सी, वा व्यवस्थापन, बीमा, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्याङ्कशास्त्र, लेखा, गणित, व्यापार प्रशासन वा कानून विषयमा स्नातक उपाधि हासिल गरी कम्तीमा व्यवस्थापक तहमा बीमा क्षेत्रमा भए कम्तीमा १२, बैंक तथा वित्तीय क्षेत्रमा भए १५ तथा दुवै क्षेत्रमा भए बीमामा एक वर्षको अनुभव सहित कम्तीमा १३ वर्षको अनुभव हासिल गरेको ।

(३) बिदेशी बीमकको शाखा कार्यालयले यस दफा बमोजिमको योग्यता र अनुभवको आधारमा कार्यकारी प्रमुख नियुक्त गर्नुपर्नेछ ।

(४) देहायको व्यक्ति बीमकको कार्यकारी प्रमुख नियुक्त हुन सक्ने छैनः

(क) मानसिक सन्तुलन ठिक नभएको,

(ख) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोबारमा कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा तीन वर्ष पूरा नभएको,

(ग) बीमकको सञ्चालक, सञ्चालकको नजिकको नातेदार वा कर्मचारी वा सल्लाहकारको रूपमा कार्यरत रहेको,

(घ) सत्तरी वर्ष उमेर भएको ।

(ङ) बिगत तीन बर्षको अवधिमा बीमकको लेखापरीक्षक भई कार्य गरेको,

(च) धितोपत्र व्यवसायीको रुपमा कार्य गर्ने धितोपत्र बजारको सदस्य रहेको,

(छ) बीमकसंग वित्तीय स्वार्थ भएको,

(ज) समितिको अध्यक्ष भईसकेको व्यक्ति,

तर, नेपाल सरकारले बीमकको अध्यक्ष वा सञ्चालकमा नियुक्त गर्न यो ब्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

(झ) प्रचलित कानून बमोजिम तिर्नुपर्ने कर चुक्ता नगरेको,

(ञ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजांय पाई त्यस्तो सजाँय भुक्तान भएको मितिले तीन वर्ष नपुगेको,

(ट) बिदेशी मुलुकको स्थायी आवासीय अनुमति पत्र वा डिभि वा पिआर प्राप्त गरेको,

(ठ) किर्ते, जालसाजी, भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव वेचविखन, बैंकिगं कसुर, बीमा तथा अन्य ठगी, शरिर बन्धक वा अपहरण तथा अन्य फौजदारी कसुरमा अदालतबाट सजाँय पाएको

(ड) संवैधानिक पद धारण गरेको ब्यक्ति त्यस्तो पदमा बहाल रहुन्जेल,

(५) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी बीमकको नेपालस्थित शाखा, सँयुक्त लगानीको बीमक तथा समितिको स्वीकृति लिई ब्यवस्थापन करारमा दिइएको बीमकको हकमा उपदफा (४) को खण्ड (ट) को ब्यवस्था लागू हुने छैन ।

(६) उपदफा (१) बमोजिम कार्यकारी प्रमुख नियुक्त गर्दा निजको पारिश्रमिक र सुविधा तोकी बढीमा चार बर्ष सम्मका लागि करारमा नियुक्त गर्नु पर्नेछ ।

तर, यस उपदफामा जुनसुकै कुरा लेखिएको भए तापनि बिदेशी बीमकको बहुमत शेयर भएको बीमकमा त्यसरी बहुमत शेयर लिने बीमकले तथा बिदेशी बीमकको शाखा कार्यालयले आफ्नो कर्मचारीलाई यस दफाको अधीनमा रही कार्यकारी प्रमुखको रूपमा नियुक्त गर्न सक्नेछ ।

(७) बीमकले निजको कार्य सम्पादनको आधारमा थप एक कार्यकालको लागि पदावधि थप गर्न सक्नेछ ।

<u>**स्पष्टिकरणः**</u> बहालवाला कार्यकारी प्रमुखको कार्यकाल गणना गर्दा बीमा समितिबाट सुरूमा मिति २०६९ साल भदौ १ गते जारी भएको बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०६९ जारी हुनु भन्दा अघि कार्यकाल तोकी नियुक्त भएको भए सो कार्यकाललाई पहिलो कार्यकाल र बीमा समितिबाट मिति २०६९ साल भदौ १ गते पश्चात पहिलो पटक कार्यकाल तोकी करारमा नियुक्त भएको कार्यकारी प्रमुखको हकमा सोही मितिदेखि निजको पहिलो कार्यकाल गणना गर्नुपर्नेछ ।

(८) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि एउटा बीमकको कार्यकारी प्रमुख उक्त बीमकको सेवाबाट निवृत्त भएको छ महिनाको अवधि पूरा नभएसम्म अर्को बीमकको कार्यकारी प्रमुखको रूपमा नियुक्त हुन पाउने छैन ।

(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बीमकको कार्यकारी प्रमुख नियुक्त भएको ब्यक्ति उक्त पदमा बहाल रहुन्जेल बीमकको कम्पनी सचिवको रूपमा नियुक्त हुन वा बहाल रहन सक्ने छैन ।

(१०) बीमकको कार्यकारी प्रमुखको रूपमा नियुक्तिको लागि छनौट भएको ब्यक्तिलाई नियुक्त गर्नु भन्दा एक्काइस दिन पूर्व उक्त ब्यक्तिसंग गरिएको करार तथा निजको योग्यता तथा अनुभव सम्बन्धी विवरण र निजले तयार पारेको व्यवसायिक योजना बीमकले बीमा समिति समक्ष पेश गर्नु पर्नेछ ।

(११) बीमा समितिले उपदफा (९) बमोजिम प्राप्त विवरणको जाँचबुझ गर्दा त्यस्तो व्यक्तिलाई कार्यकारी प्रमुखमा नियुक्त गर्न वा नगर्न, तलब भत्ता र अन्य सुविधाको विषयमा पुनरावलोकन गर्न आवश्यक देखिएमा पन्ध्र दिनभित्र बीमकलाई लिखित निर्देशन दिनु पर्नेछ ।

(१२) उपदफा (१०) बमोजिम कार्यकारी प्रमुखमा नियुक्त नगर्न वा तलब भत्ता र अन्य सुविधाको पुनरावलोकन गर्न निर्देशन दिएमा त्यसको कारण खुलाउनु पर्नेछ ।

(१३) सञ्चालक समितिले कार्यकारी प्रमुखसंग कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारको लगानी भई नेपाल सरकारले बीमकको कार्यकारी प्रमुख नियुक्त गर्ने भएमा यस निर्देशिकामा तोकेको योग्यताको अतिरिक्त नेपाल सरकारले तोकेको थप योग्यता त्यस्तो पदको लागि तोकिएको न्यूनतम योग्यता मानिने छ ।

(१५) कार्यकारी प्रमुखले उक्त पदमा नियुक्त हुनु अघि बीमकको चार बर्षको व्यवसायिक योजना पेश गर्नु पर्नेछ ।

(१६) कार्यकारी प्रमुखले बीमकको कामको सिलसिलामा बिदेशको भ्रमण गर्नु परेमा सञ्चालक समितिबाट अनुमोदन गराई समितिको स्वीकृति लिनु पर्नेछ ।

(१७) बीमकको कार्यकारी प्रमुख सात दिन भन्दा बढी समय विदामा बसेमा, बीमकको कामको सिलसिलामा देश बाहिर गएमा वा आफ्नो ओहोदाको कार्य गर्न नसक्ने भएमा बीमकको उत्तराधिकार योजना अनुरूप निजको स्थानमा काम गर्ने  उप कार्यकारी प्रमुखको नाम बीमा समितिमा पूर्व जानकारी गराउनु पर्नेछ ।

(१८) बीमकमा प्रमुख कार्यकारी अधिकृतको पद रिक्त भएको अवस्थामा रिक्त भएको मितिले तीन महिनाभित्र यस दफा बमोजिम नियुक्ति गरीसक्नु पर्नेछ ।[7]

२९. **कार्यकारी प्रमुख जवाफदेही हुने:** सञ्चालक समितिले गर्ने भनी यस निर्देशिकामा तोकिएको बाहेक बीमकको सबै व्यवसायिक र प्रशासकीय कार्य प्रति कार्यकारी प्रमुख जवाफदेही हुनेछ ।

३०. **कार्यकारी प्रमुखको कर्तब्य:** (१) सञ्चालक समितिबाट बनाइएका नीति, बीमा समितिबाट दिइएको निर्देशन र प्रचलित कानून बमोजिम बीमकका दैनिक, व्यवसायिक एवं प्रशासकीय कार्य गर्नु कार्यकारी प्रमुखको कर्तव्य हुनेछ ।

(२) कार्यकारी प्रमुखले आफूलाई सञ्चालक समितिबाट प्रत्यायोजित अधिकारको अधीनमा रही कार्य गर्नु पर्नेछ ।

(३) कार्यकारी प्रमुखले सञ्चालक, बीमा दलाल, बीमा सर्भेयर, तेस्रो पक्ष सहजकर्ता, सल्लाहकार वा परामर्शदाता भई कार्य गर्न वा पदमा बहाल रहुञ्जेल र सो पदबाट हटेको एक वर्षसम्म सोही बीमकको कुनै पनि प्रकारको शेयर खरीद बिक्री गर्न वा त्यस्तो कार्यमा संलग्न हुन पाउने छैन ।

(४) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय बीमा संस्थानको कार्यकारी प्रमुख वा बैदेशिक संयुक्त लगानीको बीमकको कार्यकारी प्रमुखलाई सञ्चालक समेतको हैसियतमा रही कार्य गर्न तोकिएको अवस्थामा वा मुख्य बीमकको कार्यकारी प्रमुखलाई शेयर धारण गरेको छुट्टै बीमा व्यवसाय गर्न संस्थापित बीमकको सञ्चालक समेतको हैसियतमा रही कार्य गर्न तोकिएको अवस्थामा त्यस्तो ब्यक्तिले सञ्चालकको हैसियतमा रही कार्य गर्न वाधा पुग्ने छैन ।

३१. **बिभागीय प्रमुख नियुक्त गर्नु पर्ने:** (१) बीमकले प्रबन्धपत्र तथा नियमावली र कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी विनियमावलीको अधीनमा रही बीमकसंग बित्तीय स्वार्थ नरहेको देहाय बमोजिमको कुनै योग्यता तथा अनुभव पुगेको र ब्यक्ति मध्येबाट बिभागीय प्रमुखको पदमा नियुक्त गर्नु पर्नेछः–

(क) बीमांकीको परीक्षा उत्तिर्ण गरेको वा बीमांकीय बिज्ञान बिषयमा स्नातक उपाधि हासिल गरेको,

(ख) मान्यता प्राप्त संस्थाबाट बीमा विषयमा फेलोशिप वा एसोसियटशिप उपाधि हासिल गरेको स्नातकतह उत्तिर्ण गरेको,

(ग) चार्टर्ड एकाउन्टेन्टेन्सी वा सो सरहको परीक्षा उत्तिर्ण भई बीमा तथा बैकिङ क्षेत्रमा व्यवस्थापक वा सो सरहको पदमा कम्तिमा एक वर्ष  कार्य गरेको,

---

[7] प्रथम संशोधन बाट थप गरिएको ।

(घ) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक उत्तिर्ण गरी मान्यता प्राप्त संस्थाबाट बीमा विषयमा लाइसेन्सियटशिप उपाधि हासिल गरेको बीमा क्षेत्रमा ब्यवस्थापक वा सो सरहको पदमा कम्तिमा तीन वर्ष कार्य गरेको,

(ङ) मान्यताप्राप्त विश्वविद्यालयबाट बीमा विषयमा स्नातकोत्तर तहको उपाधि हासिल गरी बीमा तथा बैंकिङ क्षेत्रमा व्यवस्थापक वा सो सरहको पदमा रही कम्तिमा एक वर्ष कार्य गरेको,

(च) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तहको उपाधि हासिल गरी बीमा तथा बैंकिङ क्षेत्रमा व्यवस्थापक वा सो सरहको पदमा रही कम्तिमा दुई वर्ष कार्य गरेको, वा

(छ) मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातक तहको उपाधि हासिल गरी बीमा तथा बैंकिङ क्षेत्रमा व्यवस्थापक वा सो सरहको पदमा रही कम्तिमा पाँच वर्ष कार्य गरेको ।

(२) बिभागीय प्रमुख भन्दा माथिल्लो तहमा नियुक्त गर्नु परेमा उपदफा (१) मा उल्लेखित योग्यताका अतिरिक्त बीमा वा बैंकिङ क्षेत्रमा थप एक बर्ष ब्यवस्थापकीय पदमा रही कार्य गरेको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्ति गर्दा बजार ब्यवस्थापन बिभाग, अण्डरराइटिङ बिभाग, पुनर्बीमा बिभाग र दाबी बिभागका प्रमुखलाई एक अर्को बिभाग हेर्ने गरी नियुक्ति गर्न वा जिम्मेवारी दिन पाइने छैन ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो निर्देशिका प्रारम्भ हुँदा बखत विभागीय प्रमुख वा सो भन्दा माथिल्लो तहमा बहाल रहेको कर्मचारीको हकमा त्यस्तो पदमा बहाल रहन बाधा पुगेको मानिने छैन ।

(५)यो निर्देशिका लागू हुनु भन्दा अगावै बिभागीय प्रमुखमा वा सो भन्दा माथिल्लो पदमा नियुक्त भएको तर यो निर्देशिका अनुरूप हुन योग्यता नपुगेको ब्यक्तिलाईहाल कायम रहेको पद भन्दा माथिल्लो तहमा नियुक्त गर्न पाइने छैन ।

(६) बीमकसंग बिभागीय प्रमुख हुने योग्यता पुगेको कर्मचारी नभएको खण्डमा तल्लो तहमा कार्य गर्ने कर्मचारी मध्ये बरिष्ठताको आधारमा बढिमा छमहिना सम्मका लागि कायम मुकायम बिभागीय प्रमुख नियुक्त गर्नु पर्नेछ ।

३२. **<u>बिभागीय प्रमुख जवाफदेही हुनेः</u>** (१) आफू अन्तर्गत भए गरेका सम्पूर्ण कामहरु प्रति बिभागीय प्रमुख पूर्णरुपमा जवाफदेही हुनेछ ।

(२) आफ्नो मातहतका कर्मचारीहरुलाई आचरणको बिषयमा निर्देशन दिने र जानकारी लिने उत्तरदायित्व बिभागीय प्रमुखको हुनेछ ।

(३) विभागीय प्रमुखले आफ्नो विभागबाट भए गरेका कामकारबाहीको विवरण नियमित रुपमा कार्यकारी प्रमुखसमक्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद – ६

## कर्मचारी सम्बन्धी ब्यवस्था

३३. <u>**कर्मचारी नियुक्त गर्नु पर्ने:**</u>(१) बीमकले बीमकको प्रबन्धपत्र तथा नियमावली र कर्मचारी सेवा शर्त तथा सुविधा सम्बन्धी बिनियमावलीको अधीनमा रही बढुवा प्रक्रियाबाट पूर्ति गर्नु पर्ने पद बढुवा प्रक्रियाबाट र अन्य पदहरु खुल्ला प्रतियोगितात्मक परीक्षाबाट पूर्ति गर्नु पर्नेछ ।

तर,बीमकसंग बित्तीय स्वार्थ भएको ब्यक्ति कर्मचारीमा नियुक्त हुन सक्ने छैन ।

(२) बीमकले स्नातक तह उत्तिर्ण नगरेका ब्यक्तिलाई अधिकृत कर्मचारीको रूपमा नियुक्त गर्नु हुँदैन ।

तर, यो निर्देशिका लागू हुनु अगावै स्नातक तह उत्तिर्ण नगरेको ब्यक्ति अधिकृत कर्मचारीको रूपमा नियुक्त भैसकेको रहेछ भने उक्त ब्यक्तिलाई स्नातक उत्तिर्ण नगरी कुनै पदोन्नति गर्न पाइने छैन ।

(३) उपदफा (१) बमोजिम नियुक्त भएका सबै कर्मचारीहरुलाई तोकिएको ढांचामा कार्यकारी प्रमुखले नियुक्ति पत्र र कार्य बिवरण उपलब्ध गराउनु पर्नेछ ।

(४) बीमकको कर्मचारी नियुक्ति तथा पदपूर्ति सम्बन्धमा बीमा समितिले आवश्यकता अनुसार समय समयमा निर्देशन दिन सक्नेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्रेणी विहिन भन्दा तल्लो तहमा बाह्य स्रोत बाट (आउटसोर्सिङ गरी)काम कारबाही गर्न गराउन बाधा पुगेको मानिने छैन ।

(६) नेपाल स्थित बिदेशी बीमक तथा बिदेशी सँयुक्त लगानीमा स्थापित बीमकको हकमा बीमकको केन्द्रिय कार्यालय वा बीमकको बहुमत शेयर लिने बिदेश स्थित बीमकबाट कार्यकारी प्रमुख सहित देहाय बमोजिमको संख्यामा नेपाल स्थित बीमकमा नियुक्त गर्न पाइने छ ।

(क) प्राविधिक सेवा सम्झौता गरेका बीमकको हकमा सम्झौतामा उल्लेख भए अनुसार, र

(ख) प्राविधिक सेवा सम्झौता नगरेका बीमकको हकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म ।

३४. <u>**बीमकको हित विरूद्धको गतिविधिमा संलग्न हुन नहुने:**</u> (१) कर्मचारीहरुले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बीमकको हित विपरीत हुने कुनै पनि गतिविधिमा संलग्न हुनु हुंदैन ।

(२) कुनै कर्मचारीको कुनै ग्राहकसंग आफ्नो बित्तीय स्वार्थ रहेको भएमा त्यसको जानकारी तत्काल कार्यकारी प्रमुखलाई गराउनु पर्नेछ ।

३५. <u>**पदको दुरुपयोग गर्न नहुने:**</u>(१) कर्मचारीले आफ्नो पद र नाम दुरुपयोग गरी कुनै पनि किसिमको ब्यक्तिगत फाइदा हुने क्रियाकलापमा संलग्न हुन पाउने छैन ।

(२) कर्मचारी वा त्यस्तो कर्मचारीको एकाघर परिवार वा नजिकको नातेदारले बीमकसंग कारोवार गर्दा पारिवारिक सम्बन्धको प्रभाव पार्न पाइने छैन ।

(३) कर्मचारी वा निजको एकाघर परिवारका सदस्यले बीमकको कार्यकारी प्रमुख, सल्लाहकार, परामर्शदाता, बीमा अभिकर्ता, बीमा सर्भेयर, बीमा दलाल वा तेश्रो पक्ष सहजकर्ता भई कार्य गर्न पाउने छैन ।

(४) कर्मचारीले अर्को कुनै बीमकको कार्यकारी प्रमुख, सल्लाहकार, परामर्शदाता, कर्मचारी, बीमा अभिकर्ता, बीमा सर्भेयर, वा अन्य कुनै पनि हैसियतमा रही कार्य गर्न पाउने छैन ।

३६. **अभिलेख, प्रतिबेदन तथा कागजातहरु पूर्ण एवं दुरुस्त राख्नु पर्ने:** (१) सम्बन्धित कर्मचारीले बीमकको लेखा, बीमा अण्डरराइटिङ, पुनर्बीमा, बीमा दाबी भुक्तानी, प्रशासन, बजार व्यवस्थापन आदि सम्बन्धी अभिलेख, बीमा समितिबाट स्वीकृति प्राप्त सम्पूर्ण कागजात तथा बीमालेखहरु, सञ्चालक समितिबाट पारित भएका निर्णय (माइन्युट), नीति तथा नियमहरु, सञ्चालक समिति समक्ष पेश भएका कागजातहरु, प्रतिबेदन तथा अन्य महत्वपूर्ण कागजातहरु अद्यावधिक रुपमा पूर्ण एवं दुरुस्त राख्नु पर्नेछ ।

(२) कर्मचारीले अनधिकृत ढंगले बीमकको आधिकारीक अभिलेख वा कागजपत्रमा ब्यक्तिगत रुपमा कुनै थपघट वा संशोधन गर्न पाउने छैन ।

३७. **गोपनीयता कायम राख्नु पर्ने:** (१) कर्मचारीले बीमकको लेखा, बीमा अण्डरराइटिङ, पुनर्बीमा, बीमा दाबी भुक्तानी, प्रशासन, बजार ब्यवस्थापन सम्बन्धी कागजपत्रहरु, समितिबाट स्वीकृति प्राप्त सम्पूर्ण कागजात तथा बीमालेखहरु, सञ्चालक समितिबाट पारित भएका निर्णय (माइन्युट), नीति तथा नियमहरु, सञ्चालक समिति समक्ष पेश भएका कागजातहरु तथा अन्य महत्वपूर्ण कागजातहरुको सम्बन्धमा गोपनीयता कायम राख्नु पर्नेछ ।

(२) कर्मचारीले ग्राहकको सूचना र कारोवार सम्बन्धी गोपनीयता कायम राख्नु पर्नेछ ।

(३) कर्मचारीले कुनै ग्राहकसंग गरेको कुनै पनि प्रकारको कारोवारको सूचना वा जानकारी सेवा अवधि भरी वा कर्मचारी पदबाट निबृत्त भइसकेपछि समेत सार्वजनिक गर्न वा आफ्नो बित्तीय स्वार्थका लागि प्रयोग गर्न पाइने छैन ।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून बमोजिम बीमकको कागजात तथा ग्राहकको सूचना वा जानकारी सार्वजनिक गर्न वा तेस्रो पक्षलाई उपलब्ध गराँउदा गोपनीयता भंग भएको मानिने छैन ।

## परिच्छेद –७

## लेखापरीक्षण सम्बन्धी ब्यवस्था

३८. **लेखापरीक्षणसमिति:** (१) बीमकले सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने एक जना सञ्चालकको संयोजकत्वमा तीन सदस्यीय लेखापरीक्षण समिति गठन गर्नु पर्नेछ ।

(२) बीमकको अध्यक्ष, कार्यकारी प्रमुख, सल्लाहकार तथा वित्त वा लेखा प्रमुख वा तिनको एकाघरको परिवारको सदस्य उपदफा (१) बमोजिमको समितिमा सदस्य हुन सक्ने छैन ।

(३) लेखापरीक्षण समितिको काम, कर्तब्य र अधिकार प्रचलित कानून, समितिबाट जारी भएको निर्देशनको अधीनमा रही देहाय बमोजिम हुनेछः—

(क) बीमकहरुको वित्तीय विवरणहरुको समिक्षा गरी त्यस्ता विवरणमा उल्लिखित सूचनाको प्रमाण, सत्यता र यथार्थताको यकिन गर्ने,

(ख) बीमकको लेखा, बजेट, आन्तरिक नियन्त्रण प्रणाली उपयुक्त भए वा नभएको नियमन, अनुगमन गरी यकिन गर्ने,

(ग) बीमकको खरिद प्रणाली उपयुक्त र मितब्ययी भए वा नभएको सम्बन्धमा निरीक्षण र अनुगमन गर्ने ।

(घ) बीमकको बहीखाता, आन्तरिक लेखापरीक्षण प्रणालीको अभिलेखका कागजात वा विद्युतीय अभिलेख उपयुक्त ढंगबाट राखिएको वा नराखिएको यकिन गर्ने,

(ङ) बीमा अण्डरराइटिङ, बीमा दाबी, लगानी, पुनर्बीमा सम्बन्धी कार्य ठीक ढंगले भए नभएको यकिन गर्ने तथा सो सम्बन्धी अभिलेख उपयुक्त ढंगमा राखिएको वा नराखिएको यकिन गर्ने,

(च) बीमकको लेखा, लेखापरीक्षण, वासलात वा वित्तीय बिवरण प्रचलित कानून बमोजिम बीमा समितिबाट जारी भएको निर्देशन वा बीमकको नियमावली वमोजिम भए वा नभएको यकिन गर्ने,

(ज) बीमकको सञ्चालक समितिले माग गरेको बिषयमा राय तथा परामर्श दिने,

(झ) बीमकले बीमा समितिले दिएको निर्देशन पालना गरे वा नगरेको यकिन गर्ने ।

(४) लेखापरीक्षण समितिले आफ्नो काम कारबाहीको प्रतिवेदन बीमकको सञ्चालक समितिमा पेश गर्नु पर्नेछ ।

३९. <u>लेखापरीक्षकको नियुक्तिः</u> (१) बीमकले प्रचलित कानून बमोजिम लेखापरीक्षकको नियुक्ति गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको ब्यक्ति बीमकको लेखापरीक्षक नियुक्त हुन सक्ने छैनः—

(क) सम्बन्धित बीमकको सञ्चालक वा सञ्चालकको एकाघरको परिवारको सदस्य वा नजिकको नातेदार,

(ख) सम्बन्धित बीमकको कार्यकारी प्रमुख वा निजको एकाघरको परिवारको सदस्य वा नजिकको नातेदार,

(ग) सम्बन्धित बीमकको सल्लाहकार, सदस्य, कर्मचारी वा निजको एकाघरको परिवारको सदस्य वा साझेदार,

(घ) सम्बन्धित बीमकको सेवाबाट अलग भइसकेको कर्मचारी भए त्यसरी अलग भएको तीन बर्ष नपुगेको ब्यक्ति,

(ङ) सम्बन्धित बीमकको सञ्चालक, कार्यकारी प्रमुख वा कर्मचारीको साझेदार भएको ब्यक्ति,

(च) सम्बन्धित बीमकबाट तोकिएको सीमा भन्दा बढि रकमको बीमा गराएको बीमित,

(छ) लगातार तीन आर्थिक बर्षसम्म सोही बीमकको लेखापरीक्षकमा नियुक्त भएको ब्यक्ति वा

(ज) प्रचलित कानून बमोजिम लेखापरीक्षकको रूपमा नियुक्त हुन वा लेखापरीक्षकको रूपमा बहाल रहन अयोग्य हुने ब्यक्ति ।

४०. <u>लेखापरीक्षणमा खुलाउनु पर्ने बिषयहरूः</u>(१) लेखापरीक्षकले लेखापरीक्षण गरी लेखापरीक्षण प्रतिवेदन तयार गर्दा प्रचलित कानूनले तोकेको व्यवस्थाका अतिरिक्त देहायका कुराहरु समेत खुलाउनु पर्नेछः

(क) बीमकको बीमा कोष, अनिवार्य जगेडा कोष तथा त्यस्तै प्रकृतिका अन्य कोष वा सम्पत्ति बीमकको दायित्वको अनुपातमा तोकिए बमोजिम भए वा नभएको,

(ख) बीमकले इजाजतप्राप्त बीमा ब्यवसाय बाहेक अन्य बीमा ब्यवसाय वा कारोबार गरे वा नगरेको,

(ग) बीमकले बीमितको हक हित विरुद्धको कुनै कार्य गरे वा नगरेको,

(घ) बीमकले बीमा समितिको निर्देशन अनुरुप कार्य गरे वा नगरेको,

(ङ) इजाजत प्राप्त बाहेकका बीमालेख जारी गरे वा नगरेको,

(च) शेयरधनीलाई जानकारी गराउनु पर्ने वित्तीय वा अन्य विषयमा शेयरधनीलाई जानकारी गराए वा नगराएको,

(छ) बीमकले लिएको दीर्घकालीन दायित्वको अनुपातमा त्यस्तो जायजेथाबाट त्यस्तो दायित्व निर्वाह गर्न बीमक सक्षम रहेको वा नरहेको,

(ज) बीमकको आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए प्रभावकारी भए वा नभएको,

(झ) लेखापरीक्षकले प्रतिवेदनमा खुलाउनु पर्ने भनी बीमा समितिले समय समयमा तोकिदिएको अन्य विवरण ।

(२) लेखापरीक्षण प्रतिवेदनमा लेखा परीक्षण गर्दा कुनै कैफियत तथा अनियमितता देखिए सो कुरा र सो सम्बन्धमा बीमकको व्यवस्थापनबाट कुनै जवाफ प्राप्त भएमा वा नभएमा सो ब्यहोरा समेत उल्लेख भएको हुनु पर्नेछ ।

(३) यस दफा बमोजिमको लेखापरीक्षण प्रतिवेदनमा बीमकको बहुमत सञ्चालक, कार्यकारी प्रमुख, लेखापरीक्षक तथा वित्त वा लेखा विभागको प्रमुखको हस्ताक्षर भएको हुनु पर्नेछ ।

४१. **सिधै सम्पर्क राख्न सक्नेः**बीमकको आन्तरिक तथा अन्तिम लेखापरीक्षकले लेखापरीक्षण समितिमा सिधै सम्पर्क राख्न सक्नेछ ।

४२. **लेखापरीक्षण समितिको प्रमुख दायित्वः** लेखापरीक्षण समितिको दायित्व देहाय बमोजिम हुनेछः–

(क) बीमकको समग्र बित्तीय अवस्थाको समीक्षा, आन्तरिक नियन्त्रण, लेखापरीक्षण योजना, आन्तरिक लेखापरीक्षणमा औंल्याइएका बिषयहरुको समीक्षा गरी सो सम्बन्धमा अपनाउनु पर्ने बिषयका सम्बन्धमा सञ्चालक समितिलाई सुझाव दिने,

(ख) अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षण यथार्थ बनाउन सघाउने,

(ग) बीमकको हर हिसाव दुरुस्त भए नभएको सम्बन्धमा सञ्चालक समितिलाई जानकारी गराउने,

(घ) बीमकको सम्भाबित दायित्व र जगेडा (रिजर्भ) छुट्याई राख्नु पर्ने सम्बन्धमा नियमित रुपमा समीक्षा गर्ने,

(ङ) बीमकको काम कारवाहीमा नियमितता, मितब्ययिता, औचित्य,प्रभावकारीता जस्ता कुराहरु अवलम्बन भए नभएको बारे समीक्षा गरी सञ्चालक समितिलाई आवश्यक सुझाव दिने ।

४३. **निर्देशन दिन सक्नेः** (१) लेखापरीक्षक र लेखापरीक्षण समितिले दिएको सल्लाह, सुझाव तथा प्रतिबदेन माथि बिस्तृत छलफल गरी आवश्यक देखेमा सञ्चालक समितिले कार्यकारी प्रमुखलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम छलफल गर्दा कुनै अनियमितता भएको देखिएमा सञ्चालक समितिले सो सम्बन्धमा अविलम्ब कारबाही गर्नु पर्नेछ ।

परिच्छेद –८

**बीमा गर्न नपाइने ब्यवस्था**

४४. **बीमा गर्न नपाउनेः**(१)यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि बीमकले देहायका कुनै व्यक्ति वा संस्थाको कुनै पनि सम्पत्ति वा दायित्वको बीमा गर्न सक्ने छैनः

(क) बीमक आफैले व्यहोर्ने दायित्वको, वा

(ख) बीमकको आफ्नो संस्थापक, सञ्चालक, परामर्शदाता, सल्लाहकार, लेखापरीक्षक, कर्मचारी वा निजको एकाघरको परिवारको सदस्यको, वा

(ग) बीमकको वित्तीय स्वार्थ भएको सँस्था, फर्म ब्यक्ति वा निजको एकाघरको परिवारको सदस्यको, वा

(घ) बीमकको सञ्चालक मनोनित वा नियुक्त गर्ने अधिकार पाएको फर्म, कम्पनी वा संस्थाको, वा

(ङ) सञ्चालकको वित्तीय स्वार्थ भएको वा सञ्चालक म्यानेजिङ्ग एजेन्ट वा हिस्सेदार वा सञ्चालक भएको कुनै फर्म, कम्पनी वा संस्था निजको परिवारको सदस्यको, वा

तर, जीवन बीमा ब्यवसाय गर्ने बीमकले खण्ड (क) देखि (ङ) सम्मका ब्यक्तिहरूको पचास लाख रूपैंया[४] सम्मको बीमांकको सीमा भित्र रही जीवन बीमा गर्न यस उपदफाले बाधा पुर्याएको मानिने छैन ।

(च) बीमकको तर्फबाट सर्भेको कार्य गरिरहेको सर्भेयरको ।

(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) मा उल्लिखित व्यवस्था नेपाल सरकारको स्वामित्वमा रहेको सम्पत्ति वा दयित्वको बीमा गर्ने वा गराउने सम्बन्धमा लागू हुने छैन ।

परिच्छेद –९

**बीमकले गर्न नहुने काम सम्बन्धी ब्यवस्था**

४५. **रकम जम्मा गर्न नहुनेः**(१) बीमकले सञ्चालक तथा निजको एकाघरका परिवारको बित्तीय स्वार्थ भएको बैंक तथा बित्तीय संस्थामा बीमकको रकम निक्षेपका रुपमा वा अन्य कुनै पनि किसिमले जम्मा गर्न वा राख्न हुँदैन ।

तर, जीवन बीमा ब्यवसाय गर्ने बीमकको हकमा बीमकको सँस्थागत अभिकर्ता भई बीमाशुल्क संकलन गरे बापतको रकम समितिले तोकेको सीमाभित्र रही निर्ब्याजी खातामा बढीमा सात दिन सम्म जम्मा गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

---

[४] प्रथम संशोधन बाट संशोधित ।

४६. **<u>ऋण लिन दिन नहुने:</u>** बीमकले सञ्चालक तथा निजको एकाघरका परिवारको बित्तीय स्वार्थ भएको व्यक्ति, बैंक तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रुपमा रकम लिन दिन हुंदैन ।

४७. **<u>साझेदारीमा सम्पत्ति जोड्न नहुनेः</u>** (१) बीमकले वित्तीय स्वार्थ भएको कुनै ब्यक्ति, फर्म, कम्पनी वा सँस्था वा आफ्नो कर्मचारी, सल्लाहकार, परामर्शदातासंग साझेदारीमा कुनै सम्पत्ति जोड्न हुँदैन ।

(२) यो निर्देशिका प्रारम्भ हुनु अघि बीमकले वित्तीय स्वार्थ भएको कुनै ब्यक्ति, फर्म, कम्पनी वा सँस्था वा आफ्नो कर्मचारी, सल्लाहकार, परामर्शदाता संग साझेदारीमा कुनै सम्पत्ति जोडेको रहेछ भने यो निर्देशिका लागू भएको छ महिना भित्र त्यस्तो सम्पत्तिबाट आफ्नो सम्पत्ति अलग गर्नु पर्नेछ ।

४८. **<u>सम्पत्तिको भोगचलन गर्न नपाउनेः</u>** (१) प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, शेयरधनी, कार्यकारी प्रमुख, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक बीमकको सम्पत्ति बीमकको वित्तीय स्वार्थ भएकै कुनै ब्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले कुनै किसिमले भोगचलन गर्न पाउने छैन र भोगचलन वा उपयोग गरेमा अनधिकृत रुपमा भोगचलन गरेको मानिनेछ ।

(२) बीमकले वित्तीय स्वार्थ भएको ब्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताको सम्पत्ति भाडामा लिई वा भाडामा दिई वा अन्य कुनै तरिकाले उपयोग गर्न गराउन सक्ने छैन ।

४९. **<u>बीमकले गर्न नहुने कामः</u>** (१) बीमकले देहायको कुनै काम गर्न वा गराउन हुँदैनः

(क) बीमा समितिको पूर्व स्वीकृति विना बीमा व्यवसायको लागि बाहेक अन्य उद्देश्यले कुनै सम्पत्ति खरिद वा बिक्री गर्न,

(ख) जीवन बीमालेखको सुरक्षणमा बीमितलाई कर्जा दिन बाहेक कुनै किसिमको कर्जा दिन,

तर, कर्मचारी सेवा शर्त विनियमावलीमा ब्यवस्था भए बमोजिम बीमकले आफ्नो कर्मचारीलाई सापटी र <u>जीवन बीमा व्यवसाय गर्ने बीमकले आफ्नो बहालवाला बीमा अभिकर्तालाई बीमकको व्यवसाय प्रवर्द्धन गर्न संचालक समितिको स्वीकृति लिई प्रोत्साहन बापत नगद र घर/जग्गा कर्जा बाहेक अन्य व्यवस्था गर्न</u>[९] यस ब्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

(ग) बीमा समितिले स्वीकृत गरेको ढाँचामा बाहेक अन्य कुनै ढाँचामा बीमालेख जारी गर्न,

(घ) इजाजत प्राप्त बीमा व्यवसायमा बाहेक अन्य कुनै पनि प्रकारको बीमालेख जारी गर्न,

(ङ) अन्य बीमक वा बीमा दलालको शेयर वा धितोपत्रमा लगानी गर्न,

तर बीमा समितिको पूर्व स्वीकृति लिई एक किसिमको बीमा व्यवसाय गर्ने बीमकले अर्को किसिमको बीमा व्यवसाय गर्ने बीमकको धितोपत्र खरीद गर्न यस व्यवस्थाले बाधा पुर्याएको मानिने छैन ।

---

९ प्रथम संशोधन बाट संशोधित ।

(च) आफ्नो सँस्थापक शेयरधनी, सञ्चालक समितिको कुनै सदस्य सञ्चालक भएको वा त्यस्तो सदस्य वा निजको एकाघरको परिवारको सदस्यको वित्तीय स्वार्थ रहेको कुनै पनि कम्पनी, ब्यक्ति, फर्म वा सङ्गठित संस्थामा कुनै पनि किसिमको लगानी गर्न,

(छ) बीमा व्यवसायमा कुनै किसिमको एकाधिकार कायम गर्न वा अन्य कुनै किसिमले बीमा व्यवसाय नियन्त्रित गर्ने प्रकृतिको काम कारबाही गर्न,

(ज) बीमा क्षेत्रको प्रतिस्पर्धात्मक वातावरणमा कृत्रिम अवरोध वा नियन्त्रित अभ्यास खडा हुने कुनै कार्य गर्न वा गराउन ।

(२) उपदफा (२) बमोजिमको कार्य कुनै व्यक्तिले गरेको जानकारी प्राप्त हुन आएमा वा त्यस्तो कार्य भए गरेको शङ्का लागेमा वा शंका गर्नुपर्ने मनासिव कारण भएमा बीमकले सोको विवरण तुरुन्त बीमा समितिमा उपलब्ध गराउनु पर्नेछ ।

**५०. <u>ऋण, जमानत वा सुरक्षण दिन नहुनेः</u>** बीमकले वित्तीय स्वार्थ भएको कुनै ब्यक्ति, फर्म, कम्पनी वा सँस्था वा आफ्नो कर्मचारी, सल्लाहकार, परामर्शदातालाई ऋण दिन वा कुनै किसिमको जमानत वा सुरक्षण दिन सक्ने छैन ।

**५१. <u>बीमक जबाफदेही नहुनेः</u>** सञ्चालकले आफ्नो व्यक्तिगत हितका लागि वा बीमकलाई हानि नोक्सानी पुर्याउनको निमित्त कुनै कारोबार गर्न लागेको हो भन्ने जानी जानी वा विश्वास गर्ने आधार हुँदा हुदै कसैले त्यस्तो सञ्चालक वा निजको प्रतिनिधिसंग कुनै कारोबार गरेको रहेछ भने त्यस्तो कारोबारको सम्बन्धमा बीमक जबाफदेही हुने छैन ।

**५२. <u>काम कारबाहीमा पारदर्शिता हुनु पर्नेः</u>** बीमकले आफ्नो काम कारवाही ब्यवसायिक एवं पारदर्शी तवरले सञ्चालन गर्नु पर्नेछ ।

**५३. <u>ब्यवसाय गर्न नहुनेः</u>** (१) बीमकले मूल ब्यवसायका रूपमा आफ्नो घर भाडामा लगाउने, अन्य ब्यक्ति वा संस्थाबाट सापटी वा ऋणका रुपमा रकम लिई अन्यत्र लगानी गर्ने जस्तो गैर ब्यवसायिक कार्य गर्नु हुंदैन ।

तर, दीर्घकालीन योजना तयार गरी भविष्य सम्मको आवश्यकता पूर्ति गर्नका लागि बीमा समितिको स्वीकृति लिई भवन बनाई भाडामा लगाउन तथा दिर्घकालीन योजनामा लगानी गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन ।

(२) बीमकले सञ्चालक, कार्यकारी प्रमुख, सल्लाहकार वा निजको एकाघरको परिवारको सदस्यको वित्तीय स्वार्थ भएको ब्यक्ति वा सँस्थासंगको कुनै प्रकारको ब्यवसायिक कारोवार गर्न पाउने छैन ।

**५४. <u>अभिकर्ता बनाउन नहुनेः</u>** बीमकले बीमा समितिबाट बीमा अभिकर्ताको इजाजतपत्र नलिएको तथा त्यस्तो इजाजतपत्र बहाल नरहेको ब्यक्ति तथा संस्थालाई आफ्नो अभिकर्ता बनाउन र त्यस्तो ब्यक्ति वा संस्था मार्फत कुनै पनि प्रकारको बीमा ब्यवसाय गर्नु गराउन हुंदैन ।

**५५. <u>बीमाशुल्क सम्बन्धी व्यवस्थाः</u>** (१) बीमकले पूरा बीमाशुल्क नलिई बीमालेख जारी गर्न हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कारणवश एकमुष्ठ रकम भुक्तानी भई नसकेको अवस्थामा भुक्तानी हुने अवधि किटान गरी कुनै बैंक वा नेपाल सरकारको जमानतमा बीमालेख जारी भएकोमा बीमा शुल्क प्राप्त गरेको मानिनेछ ।

तर तीस दिन भन्दा लामो अवधिको बैंक जमानतमा बीमालेख जारी गर्न पाइने छैन र त्यस्तो जमानत पुनः नवीकरण गर्न पाइने छैन ।

(३) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि जीवन बीमाको हकमा किस्ताबन्दीमा तथा पुनर्बीमा, हवाई बीमा तथा एक बर्ष भन्दा लामो अवधिको इन्जिनियरिङ बीमामा समितिले समय समयमा तोके बमोजिम आंशिक रकम भुक्तानी प्राप्त गरी बीमालेख जारी गर्न बाधा पुग्ने छैन ।

(४) बीमितले बीमकको सम्बन्धित बैंक खातामा बीमाशुल्क रकम जम्मा गरेको वा बीमा अभिकर्तालाई भुक्तानी गरेको प्रमाण भएको खण्डमा त्यसरी रकम जम्मा भएको समयमा नै बीमकले बीमाशुल्क प्राप्त गरेको मानिनेछ ।

तर, बीमितले बीमकको बैंक वा बीमा अभिकर्तालाई अनादर (बाउन्स) हुने चेक दिएको अवस्थामा बीमाशुल्क भुक्तानी गरिएको मानिने छैन ।

(५) उपदफा (३) बाहेक अन्य बीमाको हकमा बीमकले देहायको अवस्थामा जारी गरेको बीमालेख स्वतः खारेज हुनेछः

(क) चेक मार्फत बीमाशुल्क भुक्तानी गर्ने ब्यक्तिको चेकको रकम ....[10] बीमकको खातामा जम्मा (रियलाइज) नभएमा,

(ख) बैंकको क्रेडिट एड्भाइसको आधारमा बीमालेख जारी गर्नु पर्ने अवस्थामा उक्त क्रेडिट एड्भाइस जारी गरेकै दिन बीमकको खातामा रकम जम्मा (रियलाइज) नभएमा ।

(६) संस्थागत बीमा अभिकर्ताको रूपमा इजाजतपत्र प्राप्त गरेको बैंक वा वित्तीय संस्थाले प्राप्त गरेको बीमाशुल्क बीमकले प्राप्त गरेको मानिने छ र त्यस्तो बीमा अभिकर्ताले बीमकको खातामा रकम जम्मा नगरेको कारणले मात्र बीमा दावी दिन इन्कार गर्न पाउने छैन ।

५६. **बीमकमा काम गर्न नहुने:**(१) बीमा समितिको अध्यक्ष भएको ब्यक्ति कुनै बीमकको कुनै पनि हैसियतमा रही काम गर्न हुँदैन ।

(२) बीमा समितिको सदस्य तथा बीमा समितिको अधिकृत प्रथम श्रेणी वा सो भन्दा माथिल्लो तहको कर्मचारी आफ्नो पदबाट हटेको वा अवकाश पाएको मितिले दुई बर्षसम्म बीमकमा कुनै पनि हैसियतमा रही कार्य गर्न हुँदैन ।

तर नेपाल सरकारले अध्यक्ष वा सञ्चालकमा नियुक्त गर्दा वा बीमकको लगानीमा अर्को कुनै बीमकमा सञ्चालकको रूपमा नियुक्त भएको अवस्थामा यो दफाले बाधा पुर्याएको मानिने छैन ।

## परिच्छेद–१०

## **विविध**

[10] प्रथम संशोधनबाट “बढीमा सात कार्य दिन भित्र” भन्ने शब्दहरु झिकिएका छन् ।

५७. **घोषणा गर्नु पर्ने:**सञ्चालक तथा कार्यकारी प्रमुखले निर्देशिकाको पालना गर्ने सम्बन्धमा अनुसूची–२ बमोजिमको ढांचामा स्वघोषणा गर्नु पर्नेछ ।

५७क. **कर्मचारी दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने[11] :** (१) बीमकले आफ्ना कर्मचारीको दक्षता अभिवृद्धिका लागि प्रत्येक वर्ष अघिल्लो आर्थिक वर्षको कुल कर्मचारी खर्चको कम्तीमा दुई प्रतिशत रकम तालिम तथा वृत्ति विकास शीर्षकमा खर्च गर्नु पर्नेछ ।

(२) बीमकले उपदफा (१) बमोजिमको कार्यक्रममा आफ्ना सबै कर्मचारीले दक्षता अभिवृद्धिमा समान अवसर प्राप्त गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

५७ख. **सामाजिक उत्तरदायित्व सम्बन्धी व्यवस्था**[12] : (१) बीमकले सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यमा क्रियाशील हुन प्रत्येक आर्थिक वर्षको खुद मुनाफाको कम्तीमा एक प्रतिशत रकम छुट्याउनु पर्नेछ ।

(२) बीमकले उपदफा (१) बमोजिमको रकम शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, दुर्गम क्षेत्रमा पूर्वाधार सुधार, सामाजिक रूपले पिछडिएका वर्गको आयआर्जन क्षमता अभिवृद्धि, बीमा साक्षरता तथा समितिले समय-समयमा तोकी दिएका अन्य क्षेत्रहरुमा खर्च गर्नु पर्नेछ ।

५८. **जरिवाना ब्यक्तिगत रुपमा तिर्नु पर्ने:** बीमा समितिबाट कुनै सञ्चालक, कार्यकारी प्रमुख वा कर्मचारीलाई गरेको जरिवाना बापतको रकम त्यस्तो सञ्चालक, कार्यकारी प्रमुख वा कर्मचारीले ब्यक्तिगत रुपमा बीमा समितिलाई बुझाउनु पर्नेछ ।

५९. **आचारसंहिता तयार गरी लागू गर्न सक्ने:**(१) बीमकले प्रचलित कानून तथा यस निर्देशिकाको अधीनमा रही सुशासन सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्न सक्नेछ ।

(२) प्रत्येक बीमकले सँस्थागत सुशासन इकाईको गठन गरी सँस्थागत सुशासनको स्थितिबारे मासिक रूपमा अनुगमन गर्नुपर्नेछ ।

(३) बीमकले सञ्चालक, कार्यकारी प्रमुख तथा बीमकको अधिकृत स्तर वा सो भन्दा माथिको कर्मचारी र निजको परिवारको नाममा रहेको सम्पत्तिको तोकिए बमोजिमको विवरण प्रत्येक आर्थिक बर्ष समाप्त भएको साठी दिन भित्र अद्यावधिक गरी राख्नु पर्नेछ।

तर, सँयुक्त लगानीमा सञ्चालित बीमकमा विदेशी बीमकबाट प्रतिनिधित्व गर्ने सञ्चालकको सम्पत्तिको विवरण अद्यावधिक गर्नुपर्ने छैन ।

६०. **बीमा समितिमा पेश गर्नुपर्ने:** (१) बीमकले देहायकका कुराहरू बीमा समितिमा पेश गर्नु पर्नेछः

(क) दफा ३ को उपदपफा (४) बमोजिम सञ्चालकले लिएको सपथको एक प्रति,

(ख) दफा ३ को उपदफा (६) बमोजिम सञ्चालक नियुक्त, पदमुक्त वा हेरफेर भएको भए सात दिन भित्र सो सम्बन्धी विवरण

(ग)दफा १६ को उपदफा (२) बमोजिम सञ्चालकले दिएको जानकारी,

---

[11] दोस्रो संशोधनबाट थप गरिएको ।

[12] दोस्रो संशोधनबाट थप गरिएको ।

(घ)दफा २३ को उपदफा (३) बमोजिम परिपालन अधिकृतले तयार पारेको त्रैमासिक विवरण,

(ङ)दफा २८ को उपदफा (१२) बमोजिम सञ्चालक समितिले कार्यकारी प्रमुखसंग गरेको कार्यसम्पादन सम्झौता र

(२) बीमकले देहायक कुराहरू बीमा समितिलाई जानकारी गराउनु पर्नेछः

(क) दफा ८ को उपदफा (३) को खण्ड (क) बमोजिम सञ्चालक समितिले तर्जुमा गरी लागू गरेको ब्यवस्थापन, अण्डरराइटिङ, बीमा दाबी भुक्तानी, सम्पत्ति तथा दायित्व ब्यवस्थापन, बजेटिङ, योजना तथा अन्य आवश्यक नीति तथा योजना,

(ख) दफा ११ को उपदफा (१) र (३) बमोजिम तयार गरी लागू गरेको विनियमावली, दिग्दर्शन (म्यानुअल) वा कार्यविधि,

(ग) दफा ११ को उपदफा (४) बमोजिम अद्यावधिक गरेको दिग्दर्शन (म्यानुअल), जोखिमांकन (अण्डरराइटिङ) दिग्दर्शन, दाबी दिग्दर्शन, पुनर्बीमा दिग्दर्शन, तथा बीमा समितिले निर्देशन गरे बमोजिमका आवश्यक अन्य विनियमावली,

(घ) दफा २३ को उपदफा (१) बमोजिम परिपालन अधिकृत तोकेको जानकारी,

(ङ) दफा ३१ को उपदफा (१) बमोजिम विभागीय प्रमुख नियुक्त भएको सात दिन भित्र सोको जानकारी, र

(च) दफा ३८ को उपदफा (१) बमोजिम यो निर्देशिका लागू भएको तीस दिन भित्र लेखापरीक्षण समिति गठन भएको जानकारी

**६१. <u>खारेजी र बचाउः</u>**(१) बीमकको सस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) बीमकको सस्थागत सुशासन सम्वन्धी निर्देशिका, २०७३ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ।

## <u>अनुसूची - १</u>

(दफा ३ को उपदफा (४)संग सम्वन्धित)

### <u>सपथ</u>

मितिः... ... ... ... ... ... ... ...

म ... ... ... ... ... ...सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्छु र ईश्वरको नाममा शपथ लिन्छु कि बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९, समितिले समय समयमा जारी गरेका निर्देशन तथाअन्य कानूनप्रति निष्ठावान रही आफूले ग्रहण गरेको यस बीमकको संचालक समितिको अध्यक्ष/सदस्य पदको जिम्मेवारी र कर्तव्य कसैको डर, त्रास, मोलाहिजा, पक्षपात, राग, द्वेष वा लोभ लालचमा नपरी इमान्दारीकाका साथ पालना गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई ज्ञात हुन आएको कुरा प्रचलित कानूनको पालना गर्दा बाहेक आफू बहाल रहेको वा नरहेको कुनै पनि अवस्थामा प्रकट गर्ने छैन ।

नामः ... ... ... ... ... .

दस्तखतः ...............

# अनुसूची - २

(दफा ५७संग सम्वन्धित)

**स्वयम् घोषणा फाराम**

मितिः... ... ... ...

श्री सञ्चालक समिति,

... ... ...बीमा कम्पनी लि.,

... ... ... ... ...।

बिषयः स्वयम् घोषणा गरी जानकारी गराएको बारे ।

उपरोक्त सम्बन्धमा म ... ... ले यस बीमकको सञ्चालक/कार्यकारी प्रमुखकोपदमा मिति ... ... बाट बहाली गरेकोले बीमकको सस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को दफा ... ... ... बमोजिम देहायका बिषयमा स्वघोषणा गरी जानकारी गराएको छु ।

(क) यस बीमकसंग म तथा मेरो एकाघर परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको छैन ।

(ख) म र मेरो एकाघर परिवारले यस बीमकको ....... संख्या शेयर, तथा .... संख्या डिवेन्चर लिएका छौं । सो बाहेक बीमकको अन्य कुनै शेयर वा डिवेन्चर लिएको छैन ।

(ग) म यो बाहेक अन्य कुनै बीमकको ...........रूपमा कार्यरत छैन ।

(घ) म बाहेक मेरो एकाघर परिवारका ..............नाता लाग्ने व्यक्ति ............ले समेत यस बीमकको कर्मचारीको हैसियतले कार्य गरिरहेको वा गरेको छ । वा म बाहेक मेरो एकाघर परिवारको कसैले यस बीमकको कर्मचारीको हैसियतले कार्य गरिरहेको वा गरेको छैन ।

(ङ) म यस निर्देशिकाले प्रतिबन्ध लगाएका कुनै पनि कार्य गर्ने छैन ।

(च) म यस पदमा रहुञ्जेल बीमा ऐन, २०४९, बीमा नियमावली, २०४९ तथा यस निर्देशिकाको पालना गर्न बीमकलाई हर तरहले सहयोग पुर्याउनेछु ।

(छ) माथि घोषणा गरी पेश गरिएका सबै बिवरणहरु ठिक सांचो हो, झुठ्टा ठहरिए सहुंला बुझाउंला ।

सञ्चालक/कार्यकारी प्रमुखको दस्तखतः

नाम थरः ... ... ... ... ... ...

बावुको नामः ... ... ... ... ...

बाजे वा पतिको नामः ... ... ... ...

ठेगानाः ... ... ... ... ... ...

नागरिकता लिएको जिल्ला र नागरिकता नः ... ... ... ... ... ...